## समयमैं कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमैं तिरौं।
- राज्य सञ्चालनमा सहयोग गरौं।
- नागरिक कर्तव्य पूरा गरौं।

**जनताबाट उठाइएको करः**

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratee kdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन २६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८९


## दोस्रोपटक पनि नदीजन्य पदार्थको ठेक्का लाग्न सकेन

प्रस, निजगढ, २५ फागुन/

निजगढ नगरपालिकाले नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को ठेक्काका लागि दोस्रोपटक सूचना आह्वान गरे पनि ठेक्का लाग्न सकेन।



तस्वीरः प्रतीक

गत वैशाख ५ गतेअघि निजगढ नपाले लगाउँदै आएको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरणविरुद्ध उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा परेको रिट आठौंपटकमा गत मङ्सिर १९ गते रिट खारेज भएसँगै निजगढ नपालाई नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को ठेक्का बन्दोबस्तीका लागि कानूनी बाटो खुलेको थियो। निजगढ नपाले ३० दिने नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीका लागि गत पुस २४ गते सार्वजनिक सूचना जारी गरी माघ २५ गते खोलिएको ठेक्कामा कसैले टेन्डर नभरेपछि पुनः यही फागुन ४ गते १५ दिने सूचना जारी गर्दै टेन्डर आह्वान गरेको थियो। फागुन १९ गते टेन्डर सूचनाको समयावधि सकिएसँगै सो टेन्डर खोल्दा पनि कसैले इच्छुकता नदेखाएको निजगढ नपाले जनाएको छ। अब निजगढ नगरपालिकाले नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को ठेक्का बन्दोबस्तीका लागि सात दिने सूचना निकालेका छ, प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौलाले जानकारी दिए।

निजगढ नपाले बकैया, धन्सार, बगर, शक्ति र लाल–भक्तलाल खोलाबाट एक करोड ५६ लाख १४ हजार ७४४ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्रीका लागि मूल्य अभिवृद्धि कर बाहेक न्यूनतम १२ करोड ४९ लाख १७ हजार ९५२ रुपैयाँमा ठेक्का साकारका लागि सूचना आह्वान गरेको थियो।

गत वर्ष मूअकरबाहेक १२ करोड ८८ लाख १५ हजार ७५२ रुपैयाँमा सोही परिमाणको नदीजन्य पदार्थ (दहत्तर बहत्तर) उत्खनन, सङ्कलन र बिक्रीका लागि ठेक्का आह्वान गरेसँगै १३ करोड ५१ लाखमा ठेक्का साकार भएको थियो। त्यस बेला निजगढ नपाले चुरे संरक्षित क्षेत्र, वनक्षेत्रभित्रको खोलामा जथाभावी

(बाँकी पाँचौं पातामा)

## वीरगंजमा भाटभटेनीको सबैभन्दा ठूलो स्टोर बन्यो

राधेश्याम पटेल, परवानीपुर, २५ फागुन/

नेपालकै ठूलो चेन सुपर मार्केट भाटभटेनीको सुपरमार्केट अब मधेस प्रदेशको वीरगंजमा सञ्चालनमा आउने भएको छ। भाटभटेनीको २४औं स्टोरको रूपमा वीरगंजको गण्डकमा नयाँ स्टोर सञ्चालनमा आउन लागेको हो। उक्त स्टोरको आगामी चैत ९ गते औपचारिक उद्घाटन गरी सञ्चालनमा ल्याउने तयारी छ।

देशभर स्टोर विस्तार अभियानमा रहेको भाटभटेनीले यसअगाडि २३ वटा स्टोर सञ्चालनमा ल्याइसकेको छ। यो स्टोर मधु प्रदेशमा पहिलो हो। नेपालमैं अन्तर्राष्ट्रियस्तरको सपिङ सेवा र अनुभव प्रदान गर्ने उद्देश्यले देशभरका ठूला शहरमा भाटभटेनीको सेवा विस्तार गरिएको सुपर मार्केटका व्यवस्थापक विनोद भट्टराईले बताए। यसै क्रममा देशको प्रमुख औद्योगिक शहर वीरगंजबाट पनि सेवा प्रदान गर्ने लक्ष्यका साथ २४औं स्टोर स्थापना गरिएको उनले बताए। स्टोरको संरचना खडा गर्न दुई अर्ब र सामान राख्दा अढाई अर्ब नै लागत पुग्ने उनको भनाइ छ। वीरगंजको सुपरमार्केटमा २५० जनाले रोजगार पाउने बताइएको छ।

भाटभटेनीले स्वदेशी उत्पादन र स्वरोजगारलाई विशेष प्राथमिकता दिएको उनले दाबी गरे। "हामीले अन्तर्राष्ट्रियस्तरका स्टोरबाट स्थानीय जनतालाई सेवा दिने मात्रै होइन, स्थानीय उत्पादन खरीद–बिक्री तथा स्वरोजगारलाई विशेष प्राथमिकता दिएका छौं," उनले भने। वीरगंज–१४, गण्डक–बहुअरीस्थित दुई बिघा १० कट्ठा क्षेत्रफलमा निर्माण सम्पन्न हुन लागेको स्टोरमा दुई लाख ५० हजार स्क्वायर



तस्वीरः प्रतीक

फिटको सपिङ स्पेश रहेको तथा अन्डरग्राउन्ड बेसमेन्ट पार्किङसहित सात तलाको भवन रहेको छ। यो स्टोर अहिलेसम्मका सबै स्टोरमध्ये भवन तथा सपिङ स्पेशको हिसाबले सबैभन्दा ठूलो भएको भाटभटेनी सुपर स्टोरका क्षेत्रीय प्रबन्धकसमेत रहेका विनोद भट्टराईले बताए।

स्टोरमा ग्रोसरी, भाँडाकुँडा, खेलौना, लत्ताकपडा, जुत्ता, टिभी, फ्रीज, वाशिङ मेशिनलगायत दैनिक उपभोग्य सबै सामान एकै ठाउँमा बजार मूल्यमा उपलब्ध हुने उनले बताए। फूडकोर्टसहितको पूर्ण वातानुकूलित एवं आकर्षक सजावटसहित एकै स्थानमा अन्तर्राष्ट्रियस्तरको सपिङ गर्दा यस क्षेत्रका उपभोक्ताको समयको समेत बचत हुने उनी बताउँछन्। स्टोर सञ्चालनपछि भारतीय सीमावर्ती बजारका ग्राहकलाई समेत आकर्षण गर्न मदत पुग्ने उनको विश्वास छ।

यस स्टोरमा अन्तर्राष्ट्रियस्तरका पेपे पिज्जा, मल्टिप्लेक्स सिनेमा हल, वर्ल्ड क्लास ब्रान्डेड लुगालगायतका बिक्री कक्ष हुनेछन्। उद्घाटनका दिन ग्रोसरीमा १० प्रतिशत र इलेक्ट्रिक सामानमा २० प्रतिशत छुटसँगै फ्री होम डेलिभरी सुविधा हुने जनाइएको छ। गत जेठ २७ गते भाटभटेनी सुदूरपश्चिमको धनगढीमा २३औं स्टोर सञ्चालनमा आएको थियो।

## वीउवासङ्घको ३५ सदस्यीय कार्यसमिति निर्विरोध

### आगामी अध्यक्ष पटवारी हुने सुनिश्चित

प्रस, वीरगंज, २५ फागुन/

वीरगंज उद्योग वाणिज्य सङ्घको नयाँ कार्यसमितिको चयन सर्वसम्मत भएको छ। प्रमुख निर्वाचन अधिकृत बालमकुन्द खरेलले यही फागुन २९ गते निर्वाचन मिति तोकेकोमा वाणिज्य, उद्योग, एशोसिएट तथा एफिलिएट गरी चारै क्षेत्रमा ३५ पदको लागि हुने निर्वाचनमा दावेदारहरूले तोकिएको समयमा उम्मेदवारी फिर्ता लिएपछि कार्यसमितिको चयन सर्वसम्मत भएको बताए।

वाणिज्यतर्फ १५ सदस्यीय कार्यसमितिको लागि २५ जनाको उम्मेदवारी परेको थियो र १० जनाले उम्मेदवारी फिर्ता लिएपछि अनोज रूँगटा, अरविन्द आमात्य, तारा प्रसाद, गोविन्दप्रसाद शाह, दीपक टिबडेवाल, सिद्धार्थ धुर्का, मनोज दास, प्रेमचन्द्र गोयल, नरेश टिबडेवाल, अवधेश सरावगी, सुमन क्याल, यश अग्रवाल, मनोज शर्मा, मुरली जालान र माधव राजपाल गरी १५ जना निर्विरोध निर्वाचित भएका प्रमुख निर्वाचन अधिकृत खरेलले बताए।

यसैगरी, उद्योग क्षेत्रको १३ सदस्यीय कार्यसमितिको लागि १८ जनाको उम्मेदवारी परेकामा उम्मेदवारी फिर्ता लिएपछि सो पदमा पनि सर्वसम्मत भएको उनले बताए। अङ्कित खेतान, सुनील खेतान, अनुप अग्रवाल, प्रभात रूँगटा, आशिष लाठ, विकाश क्याल, पन्नालाल साह, सुरेश रूँगटा, शिवजी कलवार, मोहित गुप्ता, सुशान्त चाचान, नीरज अग्रवाल र सौरभ केडिया गरी १३ जना निर्विरोध भएका छन्।

यसैगरी, एशोसिएटतर्फ छ पदका लागि आठजनाको उम्मेदवारी परेकामा दुईजनाले उम्मेदवारी फिर्ता लिंदा प्रकाश खण्डेलवाल, विनय काबरा, हेमन्त बैद, अनिल पटवारी, हरि गौतम, शुभम् खण्डेलवाल निर्विरोध निर्वाचित भएका तथा एक पद एफिलिएटमा बुद्धि (हरि) पन्त मात्रको उम्मेदवारी परेकोले उनी निर्विरोध भएको प्रमुख निर्वाचन अधिकृत खरेलले बताए।

सङ्घको विधान अनुसार वरिष्ठ उपाध्यक्ष अध्यक्षमा निर्वाचित हुने भएकाले आगामी अध्यक्ष अनिल पटवारी हुने भएका छन्। वर्तमान अध्यक्ष सुबोध गुप्ताले दोस्रो कार्यकालको लागि दाबी नगरेकाले अब पटवारी सङ्घको अध्यक्ष हुने निश्चित भएको छ। ३५ सदस्यीय कार्यसमितिले अध्यक्षलगायत पदाधिकारीहरूको चयन गर्नेछ।

## छुट्टाछुट्टै दुर्घटनामा एकजनाको मृत्यु, ४१ जना घाइते

बलिराम शुक्ल, पर्सागढी, २५ फागुन/

पर्सागढी नगरपालिका–१ मनवास्थित जनता सडकमा बुधवार सवारी दुर्घटना हुँदा चारजना गम्भीर घाइते भएका छन्।

जीतपुरबाट मनवातर्फ जाँदै गरेको नम्बर नरहेको अटो र विपरीत दिशाबाट आउँदै गरेको ना.१३प ७३९५ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किंदा चारजना गम्भीर घाइते भएका हुन्।

घाइते हुनेमा अटोमा सवार पर्सागढी नगरपालिका–४ सबैया निवासी प्रसाद महतो र निजकी पत्नी कान्ति देवी र सोही ठाउँ बस्ने खुशबु नेशा र मोटरसाइकलचालक पर्सागढी नगरपालिका–१ मनवा निवासी शिव ओझैया रहेको र उनीहरूलाई उपचारको लागि वीरगंज पठाइएको प्रहरीले जनाएको छ। अटो र मोटरसाइकल मनवा प्रहरी चौकीको नियन्त्रणमा रहेको इन्चार्ज विनोदमान सिंहले बताएका छन्।

यसैगरी, सिमरामा बस दुर्घटना हुँदा ३६ जना घाइते भएका छन् भने चारजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।



दुर्घटनाग्रस्त बस। तस्वीरः प्रतीक

वीरगंज–पथलैया सडकखण्ड अन्तर्गत हुलास स्टीलअगाडि बिहीवार मध्याह्न सावा १२ बजे बस दुर्घटना भएको थियो। वीरगंजबाट नारायणगढतर्फ जाँदै गरेको ना.५ख २१४८ नम्बरको बस दुर्घटना भएको हो। बस दुर्घटना हुँदा ३६ जना यात्री घाइते भएको बारा प्रहरीले जनाएको छ। साइकलयात्रीलाई बचाउन खोज्दा बस दुर्घटना भएको थियो। घाइतेमध्ये एकजनाको अवस्था नाजुक रहेको र निजको वीरगंज गण्डकमा रहेको मेडिसिटी वयोधा अस्पतालमा

(बाँकी अन्तिम पातामा)

## दुर्व्यवहार मुद्दामा मेडिकल कलेजका निर्देशकसहित छजना पक्राउ

### प्रहरीले एकपक्षीय कारबाई गरेको आरोप

प्रस, वीरगंज, २५ फागुन/

दुर्व्यवहार गरेको आरोपमा छजना युवकविरुद्ध प्रहरीले मुद्दा चलाएको छ।

प्रहरी उपरीक्षक कोमल शाहले मङ्गलवार राति ८ बजे घण्टाघरस्थित इनफिनिटी लाउन्जका सञ्चालक आदित्य गिरी, जहाँगीर अन्सारी, फिरोज अन्सारी, अल्फाज अन्सारी र तारिक अन्सारीलाई पक्राउ गरिएको बताए।

उनले मङ्गलवार राति ८ बजे सो लन्जमा मदिरासेवन गरेर फर्कने क्रममा भऱ्याङमा एकजना युवतीसँग दुर्व्यवहार गरेको आरोपमा छजनालाई पक्राउ गरिएको र उनीहरूविरुद्ध दुर्व्यवहार मुद्दामा अदालतबाट सात दिनको थुना आदेश लिएर अनुसन्धान भइरहेको बताए। पक्राउ परेकामध्ये जहाँगीर अन्सारी नेपाल मेडिकल कलेज जोरपाटीका प्रशासन निर्देशक भएको बुझिन आएको छ। उनीसहित पक्राउ पर्नेमा तीनजना चिकित्सक पनि रहेको खुल्न आएको छ। प्रहरीले भने यसबारेमा पुष्टि गरेको छैन।

युवतीसँग दुर्व्यवहारको आरोप लागेका छजनामाथि प्रहरीसँग पनि दुर्व्यवहार गरेको आरोप छ। युवतीले घण्टाघरस्थित प्रहरीमा छजनाविरुद्ध मौखिक उजूरी गरेको र प्रहरीले उनीहरूलाई पक्राउ गर्दा प्रहरीसँग पनि दुर्व्यवहार गरेका थिए।

छजनाले मदिरासेवन गरेको नारायणी अस्पतालले पुष्टि गरेको छ। आरोपी महिलाको भने मापसे चेक गरिएको छैन।

प्रहरीले मदिरासेवनबाट भएको यो घटनामा आरोपी र अभियुक्त दुवैको निष्पक्षरूपमा मापसे चेकजाँच गर्नुपर्नेमा एकतर्फी अभियुक्तहरूको मात्रै चेकजाँच गरेकोले अहिले यो विषयलाई लिएर पनि विवाद भएको छ।


**हार्दिक श्रद्धाञ्जलि**



जन्मः २००६/९/१८

स्वर्गारोहणः २०७६/११/१३

स्व. रमा अधिकारी

हाम्री आदरणीय सोल्टी (दिदी) **रमा अधिकारी**को स्वर्गारोहण भएकोमा मर्माहत र स्तब्ध भएका छौं। दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःखद क्षणमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**भरत नेपाल, शत्रुघ्न नेपाल, वीरगंज**

**हार्दिक श्रद्धाञ्जलि**



जन्मः २००६/९/१८

स्वर्गारोहणः २०७६/११/१३

स्व रमा अधिकारी

हाम्री आदरणीय माइजू **रमा अधिकारी**को स्वर्गारोहण भएकोमा मर्माहत र स्तब्ध भएका छौं। दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःखद क्षणमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरून् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्यामकुमार पोखरेल**

## विचारसार र सूक्तिहरू

**अनुग्रहबाट जे पाइन्छ, त्यसको साटो आत्माको शमन र आत्मावलम्बनको गरिमा पनि निश्चितरूपले घट्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नारी दिवस

**८ मार्चको दिन नारी दिवस मनाइयो। समाजका विभिन्न क्षेत्र तथा तह र तप्कामा नारी दिवसलाई विशेष प्राथमिकता दिइयो। ८ मार्चको दिनलाई विश्व नारी दिवस मानिए पनि यस उपलक्ष्यमा मार्च महीनाभरि नै विभिन्न कार्यक्रम सम्पन्न गरिने अन्तर्राष्ट्रिय चलन बनेको छ। यस वर्ष ११३औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको हो। यस उपलक्ष्यमा वीरगंज महानगरपालिकालगायत प्रदेश राजधानी जनकपुर र अन्य जिल्लाहरूमा पनि विभिन्न कार्यक्रम सम्पन्न भए। विश्वमा महिला हकअधिकारको माग गर्दै भएको आन्दोलन तथा महिला हकअधिकारको सङ्घर्षको दिनको रूपमा ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवस अर्थात् विश्व नारी दिवसको रूपमा मनाउने गरिएको हो। अमेरिकास्थित शिकागो शहरको एउटा कारखानामा महिला र पुरुष मजदूरबीच ज्यालामा विभेद रहेको विषयलाई लिएर भएको महिला आन्दोलन, सङ्गठित महिला आन्दोलनको ऐतिहासिक दिन थियो। महिलाउपर हुने असमानता तथा विभेद हटाइ ज्याला समान हुनुपर्छ भन्ने मागबाट आन्दोलन शुरू भएको थियो। सन् १९०८ मार्च ८ को दिन शिकागो शहरमा महिला मजदूरहरूको विशाल जुलुससहित समानताको आन्दोलन शुरू भएको हो। महिला अधिकारको सम्बन्धमा यसले विश्वव्यापीरूपमा हलचल पैदा गऱ्यो।**

**सन् १९१० मा कोपेहेगनमा सम्पन्न महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा जर्मनीका मार्क्सवादी नेत्री क्लारा जेटकिनले ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउनुपर्ने प्रस्ताव राखिन्। सो प्रस्ताव पारित भएपछि सन् १९११ देखि ८ मार्चलाई विश्वभरिका महिलाहरूले दिवसको रूपमा मनाउन थालेका हुन्। आज यो दिवस संसारभरका पूँजीवादी महिलाहरूले समेत मनाउने गरेका छन्। यस दिनलाई महिला अधिकार, सशक्तीकरण र समानताको विशेष दिनको रूपमा लिइन्छ। संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७९ मा महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि पारित गऱ्यो। उक्त महासन्धिले लिङ्गको आधारमा सबै प्रकारको भेदभावलाई दण्डनीय भनी स्वीकार गरेको छ। त्यस्तै, सन् १९९५ को सेप्टेम्बरमा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला अधिकारका १२ बुँदे रणनीति सार्वजनिक गऱ्यो। हाम्रो मुलुक नेपाल महासन्धि र १२ बुँदे रणनीतिको पक्ष राष्ट्र हो।**

**हाम्रो मुलुकमा पनि विभिन्न कालखण्डमा महिला मुक्तिका आन्दोलन चलेका छन्। यति हुँदाहुँदै पनि अझै हाम्रो समाजमा महिला उत्पीडन भयावह अवस्थामा छ। संविधान र नियम कानूनले महिला र पुरुष बराबर भने पनि भूगोल, सामाजिक परम्परा, सांस्कृतिकलगायत धेरै प्रकारका भेदभाव र असमानता कायमै छन्। बालिकादेखि वृद्धासम्म बलात्कृत भएका र घरेलु हिंसाको शिकार हुनुपरेका समाचारहरू प्रायः आइरहेकै छन्। घाँस, दाउरा र चुल्होचौकोमा सीमित गराईंदै विभिन्न खाले थिचोमिचो र सामाजिक असुरक्षाको गुनासो पनि हटेको छैन। त्यसैगरी, बोक्सीको आरोपमा दुर्व्यवहार गर्ने, किशोरीहरूमाथि तेजाब हाल्नेजस्ता जघन्य अपराधका घटना हाम्रैसामु छन्। राष्ट्रपतिको ओहोदासम्म महिला पुगिसक्दा पनि नेपाली महिलाको अवस्थामा परिवर्तन आएको छैन। यसर्थ दिवसका लागि मात्र दिवस मनाउने होइन, समस्या पहिचान, निराकरण, नीति निर्माण र कार्यान्वयन गर्ने महीनाको रूपमा मार्च महीनालाई स्मरणीय बनाउनुपर्छ।**

# विकास निर्माणको अनावश्यक विरोध

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**हामीलाई देशको विकास चाहिएको छ चाहे त्यो पूर्व, पश्चिम तथा दक्षिणबाट होस् अथवा जहाँबाट पनि होस्। चीनको पीडा र चिन्तामा दुब्लाउने नेपाली राजनीतिक दलहरूले आफूलाई राष्ट्रवादी भन्न सुहाउँदैन। हामीले आफ्नो चिन्ता गर्नुपर्दछ।**

सङ्कीर्ण एवं उत्तेजक राष्ट्रवादको नाराले कुनै देशलाई कति कमजोर एवं गरीब बनाउन सक्छ यसको सोझो उदाहरण श्रीलङ्का, अफगानिस्तान र पाकिस्तान हुन् भन्न सकिन्छ। उपरोक्त तीनवटै देशका नेताहरूले धार्मिक र जातीय राष्ट्रवादको नारा अघि सारेका थिए। देशको भौगोलिक अखण्डता र सार्वभौमिकतामथि खतरा आउन सक्दछ भन्ने काल्पनिक भय देखाएर सत्तामा कब्जा जमाई केही परिवारविशेष र दलविशेषले मनपरी गर्दा देशले राष्ट्रिय गौरव घोषित गरेका कतिपय परियोजनाहरूलाई धितोमा राखी आफ्नो स्वाभिमानसित सम्झौता गर्न बाध्य भएका छन्। हाम्रो देशमा पञ्चायतको तीस वर्षमा पनि त्यही भएको थियो। देशमा लोकतन्त्रको स्थापनापश्चात् यहाँका वामपन्थी दलहरूले यही काम गर्दै आएका छन्। भारत र अमेरिकाको नाम सुन्ने बित्तिकै त्यसमा अनर्थ मात्र हेर्ने, देश र जनतालाई पनि सोही अनुसार सुन्न–बुझ्न लगाई उपरोक्त दुई देशको विरोधमा नकारात्मक भावना विकसित गर्ने काम हुँदै आएको छ। नेकपा एमालेका अध्यक्ष र देशका भूतपूर्व प्रधानमन्त्री केपीशर्मा ओलीले यही काम गर्दै आएका हुन्। आफू प्रधानमन्त्री हुँदा दक्षिणी छिमेकी भारतसितको दुईपक्षीय सम्बन्धलाई इतिहासकै तिक्ततापूर्ण बिन्दुसम्म पुऱ्याइदिएका थिए। भारतमाथिको निर्भरता कम गर्न उत्तरी छिमेकी चीनसित जथाभावी सम्झौता गरेका थिए तर चीनले विगत सात वर्षदेखि भूकम्प तथा कोरोनाको बहानामा नेपालसित जोडिएको नाकाहरूमा अघोषित प्रतिबन्ध लगाई नाकाबन्दी गरेकोमा कहिल्यै नेकपा एमाले तथा नेपालका कुनै पनि कम्युनिस्ट पार्टीले त्यसको विरोध गरेका छैनन्। वर्तमान सरकारले दुवै छिमेकी राष्ट्रहरूसित समानतामा आधारित मित्रताको सम्बन्ध कायम राखेको कुरा न नेकपा एमाले, न तिनका नेता केपीशर्मा ओलीलाई नै मन परेको छ। मुस्ताङमा निर्माण हुन लागेको भनिएको बौद्ध कलेजको विषयमा नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले दिएका सार्वजनिक अभिव्यक्ति विकास निर्माण विरोधी त हो नै, नेपाललाई विश्व जगतबाट एक्ल्याउने उनको सुनियोजित चाल पनि हो। उनी प्रधानमन्त्री हुँदा विश्वका एकाध देशबाहेक कसैसित पनि राम्रो सम्बन्ध थिएन। उनले छिमेकी राष्ट्रसँग रहेको सम्बन्धबारे गरेका टिप्पणी र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमाथि गरेको दोषारोपण अपरिपक्व र अव्यवहारिक छन्। बहालवाला प्रधानमन्त्रीविरुद्ध पूर्व प्रधानमन्त्रीले दिएको अभिव्यक्तिलाई देशका परराष्ट्रविद्हरूले पनि अपरिपक्व र अव्यवहारिक नै भएको संज्ञा दिएका छन्।

नेपाल र भारतबीच धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक समानता छ। भारतको चासोको केन्द्रमा नेपालको उत्तरी छिमेकी चीन हुनु अस्वाभाविक होइन। चीनको बढ्दो सामर्थ्य र प्रभाव विस्तार नेपालमा भइरहेको पछिल्ला चिनियाँ प्रतिनिधिहरूको नेपाल भ्रमणले पनि देखाउँछ। चिनियाँ कम्युनिस्ट पार्टीका प्रमुखबाट राजनीतिक प्रशिक्षण प्राप्त गरेर आफूलाई राष्ट्रवादी देखाउने साहस कम्युनिस्टहरू मात्रै गर्न सक्छन्। नेकपा विभाजित हुन लाग्दा त्यसलाई टालटुल गरेर एकजुट पार्ने प्रयास अथवा चीनले मन पराएको प्रकृतिको सरकार नेपालमा गठन हुँदा,राष्ट्रवदी हुन्छ तर त्यसको विपरीत हुँदा नेपालका कतिपय कम्युनिस्टहरूलाई नै चिलाउने गर्दछ।

ओलीले मुस्ताङमा बन्न लागेको कलेजको विषयमा दिएको सार्वजनिक अभिव्यक्ति पनि भूराजनीतिसँग जोडिएको छ। उनले सीधै चीनलाई चिढ्याउन भारतसँग सरकारले हात बढाएको संज्ञा दिएका छन्। मुलुकलाई विदेशीहरूको खेल मैदान बनाउन खोजिएको र भारतको उक्त प्रस्ताव स्वीकार गरेर प्रधानमन्त्री पुष्पकमल दाहालले चीनविरुद्ध गद्दारी गरेको ओलीको आरोप छ। यति मात्र होइन, उनले त्यहाँ रहेको युरेनियमलाई ध्यान दिएर विश्वविद्यालय खोल्न भनिएको र त्यो मुलुकका लागि नै खतरनाक भएको दाबी गरेका थिए। मुस्ताङमा विश्वविद्यालय खोल्नु भनेको विदेशको दलाली हो। राष्ट्रियतामाथि प्रहार हो। मित्रराष्ट्र चीनविरुद्ध गद्दारी गर्न खोजेको हो, आफ्नै राष्ट्रको सार्वभौमसत्ता अस्वीकार गर्न खोजिएको भन्दै ओलीले आफ्नो शब्दकोषमा रहेका ओलीले आफ्नो शब्दकोषमा रहेका धेरैजसो अपमानजनक र अपरिपक्व शब्द खर्च गर्न कञ्जुस्याइँ गरेनन्। नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले प्रस्ताव गर्न खोजेका व्यक्ति राष्ट्रपति बन्ने सम्भावना समाप्त भएपछि र नेकपा एमाले सरकारबाट बाहिरिने अवस्था आएपछि आक्रोशित भएर उनले आफ्नो राजनीतिक उचाइ र ओहदाको पनि सम्मान गर्नु आवश्यक ठानेनन्? उनको यस अभिव्यक्तिले स्वयं उनकै मानमर्दन गरेको छ। अब नचाहेर पनि स्वतन्त्र नेपाली नागरिकका कतिपय प्रश्नको मुख उनीतिर नै सोझिने छ, जसको जवाफ भरसक उनीसित हुनेछैन।

पहिलो कुरा त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेपालका प्रधानमन्त्री हुन् र तीन करोड नेपाली जनता एवं नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षाको लागि उनी प्रतिबद्ध र इमानदार छन् यसको निम्ति नेकपा एमालेको प्रमाणपत्र उनलाई चाहिएको छैन। उनी चिनियाँ नागरिक अथवा चीनका प्रधानमन्त्री नभएका कारण चीनविरुद्ध गद्दारीको प्रश्न नै उठ्दैन। एउटा नेपाली नागरिक चीनप्रति वफादार अथवा गद्दार हुनुपर्ने कुनै कारण देखिँदैन।

नेपालमा कलेज अथवा विश्वविद्यालय निर्माण हुनु खुशीको कुरा हुनुपर्ने हो तर नेपालभन्दा बढी चीनको चिन्तामा डुब्ने नेपालीहरू पनि आफूलाई राष्ट्रवादी नै ठान्ने गर्छन्। भारत सरकारको आर्थिक सहयोगमा नेपालका प्रायःजसो जिल्लाहरूमा विकास निर्माणको काम भएका छन्। विद्यालय र क्याम्पस भवनको निर्माण त अति नै भएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहालले मुस्ताङमा विश्वविद्यालयभन्दा कलेज खोल्ने चर्चा रहेको तर अहिलेसम्म नेपाल सरकारले स्वीकृति नदिएको जवाफ दिएर ओलीको आरोपलाई झूटो साबित गरिदिएका छन्।

नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा पनि भारतको योगदान छ। नेपालमा आजसम्म जति पनि राजनीतिक परिवर्तन भएका छन् ती सबैमा भारतको हात रहेको छ। नेपालको विकास निर्माणमा पनि भारतको योगदान महत्त्वपूर्ण छ। वर्तमानको विषम परिस्थितिमा, टर्की र पाकिस्तानजस्ता भारतका कट्टर विरोधीलाई पनि भारतको सहयोग चाहिएको छ। युक्रेन र रूस दुवैलाई भारतको सहयोग र समर्थन चाहिएको छ। स्वयं चीनकै विदेशमन्त्रीले पनि भारतसित सिमाना विवाद सामान्य अवस्थामा राख्न भारत सामु वार्ताको प्रस्ताव गरेका छन्, हाम्रो देशमा नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली भने भारतलाई जिस्क्याएर नेपाललाई कमजोर बनाउने अभियान चलाउन थालेका छन्। ओलीको दुईपटकको कार्यकाल विवादले भरिएको रह्यो। उनको एउटा पनि काम स्वागतयोग्य छैन। अहिले उत्तरी छिमेकी चीनको प्रवक्ता बन्नुको कारण देखिएन।

मुस्ताङ धार्मिक महत्त्वको स्थल हो। प्रत्येक हिन्दू र बुद्धमार्गी त्यहाँ पुग्नु स्वाभाविक हो। मुस्ताङजस्तो हिमाली जिल्लामा शिक्षाको विकास हुनु गलत कसरी हो? नेपालजस्तो देश छिमेकी र मित्रराष्ट्रहरूकै सहयोग र अनुदानबाट अगाडि बढ्ने हो। यदि चीनको सिमानासित जोडिएको मुस्ताङ जिल्लामा भारतलाई विद्यालय निर्माण गर्ने अनुमति दिनु गद्दारी हो भने भारतको सिमानासित जोडिएको झापाको दमकमा औद्योगिक पार्क निर्माण गर्नु के हो? गद्दारी हो कि होइन? नेपालका नेताले नेपालको चिन्ता गर्नुपर्ने हो। ठूला देशहरू आफ्नो समस्या समाधान गर्न आफैं सक्षम छन्। हामीलाई देशको विकास चाहिएको छ चाहे त्यो पूर्व, पश्चिम तथा दक्षिणबाट होस् अथवा जहाँबाट पनि होस्। चीनको पीडा र चिन्तामा दुब्लाउने नेपाली राजनीतिक दलहरूले आफूलाई राष्ट्रवादी भन्न सुहाउँदैन। हामीले आफ्नो चिन्ता गर्नुपर्दछ। मुस्ताङमा भइरहेको अथवा हुने विकास निर्माणको कार्यको विरोध दुर्भाग्यपूर्ण हो।

# मैले ठोरीलाई मुटु दिएँ –पर्यटन राज्यमन्त्री अन्सारी

चिरञ्जीवी सापकोटा, ठोरी, २५ फागुन/

मधेस प्रदेशका वन, उद्योग तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीले ठोरीलाई मुटु दिएको बताएका छन्। होलीको अवसरमा ठोरी गाउँपालिका–२ गौतमनगरमा फागुन २२ गते युथ फर चेन्ज ठोरीले आयोजना गरेको होली मिलन समारोहमा बोल्दै उनले अब प्रदेश सरकारले ठोरीलाई न्याय दिने बताए।

मधेस प्रदेश सरकारले ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गरेर उपेक्षा गरेको बताउँदै अब आफ्नो मन्त्रालयले पर्यटनमा लगानी गर्ने बताए। अब आफूले ठोरीलाई मुटु दिएको बताइसकेका राज्यमन्त्री अन्सारीले आफ्नो मुटुको हालखबर बुझ्न निरन्तर ठोरी आइरहने बताए।



तस्वीर: प्रतीक

ठोरी मधेसकै पर्यटकीय गन्तव्यको प्रचुर सम्भाव्यता भएको ठाउँ रहेको स्वीकार गर्दै मन्त्री अन्सारीले ठोरीवासीले पर्यटकहरूको सत्कार र स्वागतमा कमी गर्न नहुने बताए।

कार्यक्रमका विशिष्ट अतिथि ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठले प्रदेश सरकारले ठोरीलाई दिने भनेको १० करोड उपलब्ध गराउन आग्रह गरे। उनले घोषणा गरेर मात्र नहुने कार्यान्वयन गर्नुपर्ने बताए।

कार्यक्रममा वडाध्यक्ष अमृतकृष्ण सापकोटा, नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि प्रकाश खनाल, नेकपा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, युवा जागृति क्लबका अध्यक्ष जीवनकृष्ण सापकोटालगायतले ठोरीको पर्यटकीय क्षेत्रको सम्भाव्यता र यसको आवश्यकताबारे धारणा व्यक्त गरेका थिए।

युथ फर चेन्ज ठोरीका अध्यक्ष छतेन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत जङ्गल रिसोर्टका सञ्चालक सुदीप थापा र सहजीकरण सञ्चारकर्मी माधव तिमल्सिनाले गरेका थिए।

# सञ्चारकर्मीबीच होली मिलन कार्यक्रम

प्रस, रौतहट, २५ फागुन/

वृन्दावन नगरपालिकाका जनप्रतिनिधि र सञ्चारकर्मीहरूले फागुन २२ गते होली मिलन कार्यक्रम गरेका छन्।

हर्षाहामा आयोजित कार्यक्रममा नगरप्रमुख विनोदप्रसाद कुर्मीले प्रतिपक्षीहरूले आफूलाई असफल बनाउन विभिन्न जालझेल रच्दै नगरको विकास निर्माणसमेत प्रभावित हुनेगरी अवरोध खडा गरेको बताएका थिए।

कार्यक्रममा वरिष्ठ पत्रकार प्रभातकुमार झाले नयाँ मेयर आएपछि देखिएका चुनौती समाधान गर्न र सद्भाव बनाएर नगरलाई सुख र समृद्धिको बाटोमा अघि बढाउन आग्रह गरे।

कार्यक्रममा विभिन्न वडाका वडाध्यक्षहरू, सञ्चारर्मीहरूको उपस्थिति थियो।

यसैगरी नेपाल पत्रकार महासङ्घ, रौतहटले फागुन २२ गते होली मिलन कार्यक्रम गरेको थियो।

सञ्चारकर्मी, निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू सहभागी रहेको कार्यक्रममा गौरका नगरप्रमुख शम्भु साह, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार झालगायतले मन्तव्य व्यक्त गरेका थिए।

महासङ्घ, रौतहटका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा भएको होली मिलन कार्यक्रममा नेकपा एसका रेवन्त झा, लोसपाका अनिलकुमार सिंह, नागरिक समाजका अध्यक्ष जगन्नाथ केसरी, उद्योग वाणिज्य सङ्घका अध्यक्ष पंडित जयसवालले आआफ्नो मन्तव्य प्रकट गरेका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## अति श्रम निर्यात राष्ट्रिय अर्थतन्त्रका लागि घातक

नेपालमा सङ्घीयता र गणतन्त्र त आयो तर यी व्यवस्थाहरूले मुलुकलाई आर्थिकरूपमा कुनै पनि किसिमको फाइदा पुऱ्याउन सकेको देखिएको छैन । यस व्यवस्थाले देश र जनतालाई झन्झन् गरीब पार्दै लगेको अनुभव गरिएको छ। सङ्घीयता र गणतन्त्र समाविष्ट भएको वर्तमान संविधानले राष्ट्रलाई स्थिर राजनीति र स्थिर सरकार दिन सकेको छैन। वर्तमान संविधानले केही निश्चित नेताहरूलाई सदाकाल सत्ता र शक्तिमा रहने सुन्दर अवस्था सृजना गरिदिनुबाहेक अरू केही पनि गर्न सकेको छैन।

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**सङ्घीयता र गणतन्त्रले नेताहरूको इमान त क्षय गरेकै छ, राष्ट्रिय अर्थतन्त्रको पनि क्षय गरेको छ। राष्ट्रिय अर्थतन्त्रलाई टाउको तल र खुट्टा माथिको स्थितिमा पुऱ्याइदिएको छ। देशको अर्थतन्त्रलाई रेमिट्यान्समुखी पारिदिएको छ।**

कुनै समय हाम्रो देशले गार्मेन्ट, कारपेट, नेपाली हस्तकालका सामान, खाद्य वस्तु आदि निर्यात गर्थ्यो। ३० को दशकमा धान, चामल, छाला आदि निर्यात गर्थ्यो। विभिन्न वस्तु निर्यात गर्ने हाम्रो देशसँग अहिले निर्यात गर्न केही छैन। अहिले हामीसँग निर्यात गर्न केवल एउटा कुरा छ–श्रम। अहिले हामी केवल श्रम निर्यात गरिरहेका छौं। संसारका विभिन्न देशमा हामी श्रम बिक्री गरिरहेका छौं र त्यो बिक्रीबाट आएको आम्दानीले राष्ट्रिय खर्च धानिरहेका छौं। विदेशमा श्रम बेचेर हाम्रो दैनिक गुजारा चलिरहेको छ।

कस्तो विडम्बना ! अहिले हामीसँग विदेशमा निर्यात वा बिक्री गर्नका लागि केवल श्रम छ, श्रमबाहेक केही छैन। के गणतन्त्रको उपलब्धि यही हो, सङ्घीयताको उपलब्धि यही हो ?

देशको कृषि, पर्यटन र उद्योगको स्थिति दयनीय हुन पुगेको छ। नेपालभित्र कृषि कार्यका लागि जनशक्तिको ठूलो अभाव छ किनभने कृषिका लागि आवश्यक जनशक्ति अहिले देशभित्र छैन, बाहिर छ। नयाँनयाँ उद्योग स्थापना हुन सकेको छैन भने भएकै उद्योगको कुशलता र क्षमतामा वृद्धि गर्न सकिएको छैन। उद्योगको स्थिति दयनीय भएर सामान्य उपभोक्ता वस्तु पनि भारतबाट आयात गर्नुपर्ने बाध्यता छ। भारत र चीनबाट हामीले आयात नगर्ने हो भने हाम्रो दिनचर्या समेत चल्न कठिन छ। यस्तै स्थितिका लागि गणतन्त्र ल्याइएको हो ?

सन् २०१९ को पेन्डेमिकले सुस्त पारेको पर्यटन क्षेत्रको गति अहिले पनि मन्द छ। विदेशबाट पर्यटकहरू ठूलो सङ्ख्यामा नेपाल आउने र लामो समयसम्म बस्ने एवं भ्रमण गर्ने वातावरण तयार हुन सकेको छैन।

कृषि, उद्योग र पर्यटन क्षेत्रको विकासका लागि यी क्षेत्रको निरन्तर सूक्ष्म विश्लेषण गर्नुपर्छ र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा आएको परिवर्तनसँगै कृषि, उद्योग र पर्यटनको विकासका लागि अनेक कार्यक्रम, योजना एवं रणनीति निर्माण गर्नुपर्छ। तर गणतन्त्रले निर्माण गरिदिएको राष्ट्रिय राजनीति यस्तो हुन पुगेको छ जसले कार्यक्रम, योजना एवं रणनीति तयार पार्नेहरू केवल सत्ता र शक्तिमा लिप्त हुन पुगेका छन्। अनेक किसिमका योजना र कार्यक्रम निर्माण गर्नेतर्फ लाग्नुको साटो केवल गठबन्धन, छलकपट, दाउपेचमा लीन हुन पुगेका छन्। सरकार बनाउन र खसाउन व्यस्त हुन पुगेका छन्। आर्थिक विकासका लागि मुलुकले नीति–निर्माताहरूबाट अनेकौं योजना तथा कार्यक्रम निर्माण होस् भनी माग गरिरहेको छ, नीति निर्माताहरू भने निजी स्वार्थपूर्तिमा मात्र लागेका छन्। स्वार्थपूर्ति र सत्तारोहण मात्र उनीहरूको जीवनको मुख्य ध्येय बनेको छ। निष्कर्षमा सङ्घीयता र गणतन्त्रले स्वार्थी नेता उत्पादन गर्नेभन्दा बढी केही गर्न सकेको छैन।

केवल श्रममात्र बढी निर्यात गरेर देशको अर्थतन्त्रलाई रेमिट्यान्समुखी पार्नुका बेफाइदाहरू के के छन् अब त्यसबारे चर्चा गरौं।

नेपालको जनसङ्ख्याको आधा भाग अहिले रेमिट्यान्स प्राप्त गर्दछ। आधा जनसङ्ख्याको प्रत्येक परिवारबाट कम्तिमा एकजना वैदैशिक रोजगारमा गएको छ। अर्थात् जनसङ्ख्याको आधा भागको आम्दानी केवल रेमिट्यान्स हुन पुगेको छ। यो सुखद कुरा होइन। यस्तो हुनुको अर्थ हाम्रो उत्पादक श्रमलाई हामीले आफ्नो राष्ट्र निर्माणमा उपयोग गर्न सकिरहेका छैनौं, विदेशले गरिरहेको छ। हाम्रो श्रम निरर्थक हुन पुगेको छ।

नेपालले बर्सेनि लगभग ९.२ बिलियन अमेरिकी डलर रेमिट्यान्स प्राप्त गर्दछ। र रेमिट्यान्स नेपालको कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशत जति हुन पुग्छ। रेमिट्यान्सलाई गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा नेपाल विश्वमैं चौथो देश हुन पुग्छ जसले कुल गार्हस्थ्य उत्पादनको तुलनामा बढी रेमिट्यान्स प्राप्त गर्दछ। हाम्रो कुल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्सको भाग ठूलो हुनुको अर्थ हाम्रो राष्ट्रिय उत्पादन घट्नु र श्रम निर्यात बढ्नु हो। यो दुःखद स्थिति हो। उत्पादन बढ्नु राम्रो कुरा हो, निर्यात बढ्नु राम्रो कुरा हो।

सीपयुक्त होइन, कोरा श्रम बिक्री गरेर नेपालले साउदी अरेबिया, कतार र मलेशियाबाट राम्रो परिमाणमा रेमिट्यान्स प्राप्त गर्दछ। नेपालले अरबका देशलगायत अमेरिका, संयुक्त अधिराज्य, अस्ट्रेलिया आदिबाट राम्रो परिमाणमा रेमिट्यान्स प्राप्त गर्दछ। नेपालले यसरी प्राप्त गर्ने रेमिट्यान्स केमा खर्च गर्दछ त ? यो सर्वाधिक ठूलो र महत्त्वपूर्ण प्रश्न हो। यस प्रश्नको उत्तर हो नेपालले विदेशमा दुःख गरेर कमाएको पैसा, रेमिट्यान्स, केवल दैनिक उपभोग्य वस्तु दाल, चामल, तरकारी आदिमा खर्च गर्छ। भारत, चीन, फिलिपिन्सजस्तो आर्थिक विकासका लागि चाहिने उद्योग, सडक, पुल आदिको निर्माणमा खर्च गर्दैन। ऊर्जा उत्पादनमा खर्च गर्दैन।

भारत, चीन, मेक्सिको, फिलिपिन्स, इजिप्ट, पाकिस्तान, फ्रान्स, बङ्गलादेश, जर्मनी र नाइजेरिया क्रमशः विश्वका पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं, सातौं, आठौं, नवौं तथा दशौं राष्ट्र हुन् जसले सर्वाधिक बढी रेमिट्यान्स भित्र्याउने गर्छन्। भारतले विश्वमा नै सर्वाधिक रेमिट्यान्स प्राप्त गर्दछ। भारतले अधिक रेमिट्यान्स प्राप्त गर्नु र नेपालले अधिक रेमिट्यान्स प्राप्त गर्नुमा ठूलो फरक छ। भारतले प्राप्त गरेको रेमिट्यान्स राष्ट्रिय अर्थतन्त्रको विकासमा खर्च गरिरहेको छ भने हामीले प्राप्त गरेको रेमिट्यान्स केवल दुई छाक खानमा खर्च गरिरहेका छौं। भारत आफूसँग अत्यधिक राष्ट्रिय उत्पादन भएको स्थितिमा छ। राष्ट्रलाई आवश्यक पर्ने खाद्यान्न उत्पादन गर्न भारत सक्षम छ। तर नेपाल आफूलाइ आवश्यक पर्ने जति खाद्यान्न उत्पादन गर्न सक्षम छैन। खाद्यान्न मात्र होइन, फलफूल, तरकारी, अन्डा, मासु आदिको लागि पनि नेपाल भारतको भर पर्नुपर्ने स्थिति छ।

चीनले पनि ठूलो मात्रामा रेमिट्यान्स प्राप्त गर्दछ। चीनको पनि भारतजस्तै स्थिति छ। चीनले प्राप्त गरेको रेमिट्यान्स राष्ट्रको आर्थिक विकासमा खर्च गरिरहेको छ।

आफ्नै देशको कुरा गरौं। नेपालमा दिन प्रतिदिन रेमिट्यान्सको मात्रा वृद्धि हुनु सुखद कुरा होइन। रेमिट्यान्सको मात्र वृद्धि हुनुको अर्थ हामीले अन्य वस्तु उत्पादन नगरेर केवल श्रम उत्पादन गर्नु हो। त्यो श्रम बिक्री गरेर बाँच्नु हो। ज्याला मजदूरी गरेर पेट पाल्नु हो।

हामीले हाम्रो राष्ट्रिय श्रमलाई स्वदेशमा नै उपयोग गर्नु राम्रो कुरा हो। तर गर्न सकेका छैनौं। श्रमिकहरूको अभावमा हाम्रो कृषि दयनीय स्थितिमा पुगेको छ।

रेमिट्यान्समाथि अति निर्भरताले राष्ट्रिय अर्थतन्त्रको भविष्य अनिश्चित र असुरक्षित समेत पार्छ। कसरी ? यदि कुनै ठूलो कारणले, जस्तै युद्ध भएर, महामारी फैलिएर, श्रम निर्यात गरिने देशसँग सम्बन्ध खराब भएर नेपालले कामदारहरू विदेश पठाउन नसक्ने स्थिति आयो भने नेपालमा आम्दानीको सङ्कट उत्पन्न हुन पुग्छ। आफूले केही पनि उत्पादन नगरेर केवल श्रम मात्र बिक्री गरिरहेको स्थितिमा त्यो हुनु वा सङ्कट आउनु स्वाभाविक पनि हो।

राष्ट्र निर्माणका लागि स्वदेशी श्रम प्रयोग गरेर चीन अहिले विश्वको दोस्रो ठूलो आर्थिक महाशक्ति बन्न पुगेको छ भने भारत तेस्रो ठूलो आर्थिक महाशक्ति हुने प्रयासमा छ। यी दुवै राष्ट्रले प्राप्त गरेको रेमिट्यान्स आफ्नो राष्ट्रको आर्थिक विकासमा खर्च गरिहेका छन्। हामीले सकेका छैन।

माथि रेमिट्यान्सले ल्याउने केवल आर्थिक समस्याको मात्र कुरा गरियो। पारिवारिक, सामाजिक र मनोवैज्ञानिक समस्याको कुरा गरिएको छैन। नेपालमा रेमिट्यान्सले गर्दा कतिपय परिवार टुक्रिएको र दुःखद स्थितिमा पुगेको हामीले देखे–भोगेको कुरा हो।

सङ्घीयता र गणतन्त्रले नेताहरूको इमान त क्षय गरेकै छ, राष्ट्रिय अर्थतन्त्रको पनि क्षय गरेको छ। राष्ट्रिय अर्थतन्त्रलाई टाउको तल र खुट्टा माथिको स्थितिमा पुऱ्याइदिएको छ। देशको अर्थतन्त्रलाई रेमिट्यान्समुखी पारिदिएको छ। उत्पादन केही नगरेर श्रम मात्र बिक्री गरेर बाँच्ने स्थितिमा पुऱ्याइदिएको छ।

## शहरी संरचनाले बालबालिकालाई दिएको सास्ती

–शर्मिला ज्ञवाली

काठमाडौं, २५ फागुन/रासस

विदेशबाट नेपाल आएका मामालाई स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गएका सहज लामिछाने निकै उत्साहित थिए। लामो समयपछि मामा र भान्जाको भेट हुँदै थियो। दश वर्षका उनी विमानस्थलको स्वागत कक्षमा रहेको शौचालय प्रयोग गर्न भित्र छिरे। पिसाब गर्न सक्ने बालमैत्री शौचालय नहुँदा उनी त्यहाँ राखिएको प्यानसम्म पुग्न सकेनन् र लगाएको कपडामैं पिसाब चुहियो।

एकै छिन अघिसम्मको उनको मामा, माइजु र भाइ भेट्ने उत्साह क्षणभरमैं सेलायो। उनी पिसाबले लुगा भिजेपछि लज्जित महसूस गर्न थाले। उनको यो नरमाइलो मनोविज्ञान देखेपछि आमाको मन पनि खिन्न भयो। उनलाई मामा माइजुको स्वागतभन्दा पनि कतिखेर घर पुगेर लुगा फेर्ने भन्ने कुराले बढी पिरोल्यो।

निजी तथा सरकारी भवन, सार्वजनिक यातायात, सार्वजनिक स्थल तथा शौचालय कहीं पनि बालमैत्री संरचना नहुँदा बालबालिकाले अनेक सास्ती खेप्नुपरेको छ। साथै उनीहरूले सहज लामिछानेजस्तै लज्जित र असहज महसूस गरेको पाइन्छ। अन्तर्राष्ट्रिय विमानस्थल जहाँ दैनिक सयौं यात्री भित्रिन्छन्। विदेशबाट भित्रिने आगन्तुक र उनीजस्तै स्वागतार्थ गएका सयौं बालबच्चाले यस्तै अनुभव गरेको हुनुपर्छ।

बालबालिका लज्जित र असहज हुनुपर्ने अरू पनि थुप्रै स्थान छन्। शहरका कैयौं संरचनाले बालबालिकालाई सताइरहेका छन्। दिनहुँ दुःख दिइरहेका छन्। त्यसो त सार्वजनिक यातायातमा पनि बालबालिका सिट भनेर छुट्याउने गरिएको छैन। वयस्ककै सिटमा बालबालिका बस्नुपर्ने हुन्छ। सहचालकले च्याठिँदै बालबालिकालाई काखमा राख्न निर्देशन दिइरहेको हुन्छ। बालबालिकालाई चाहेर पनि सिटमा राख्न पाइँदैन, दिइँदैन।

बालबालिकालाई बस्ने न सिट हुन्छ, न समाउनका लागि पुग्ने ठाउँ नै। कठिन यात्रा गर्न बाध्य हुन्छन् उनीहरू। आमाको काखमा बस्ने उमेरका त काखमा बस्लान् तर छ/सात देखि ११/१२ वर्षका बालबालिका न बस्न पाउँछन्, न उनीहरूका लागि उभिएर समाउने ठाउँ नै राखिएको हुन्छ। साझा यातायातमा बालबालिकाका लागि सिट छुट्याइएको छ। तर ती सिट वयस्ककै जस्ता छन्। बालमैत्री छैनन्।

त्यति मात्र होइन, पार्टी भोजभतेरमा जाँदासमेत उनीहरू सहज महसूस गर्न सक्दैनन्। उनीहरूका लागि साना प्लेटहरू राखिएका हुँदैनन, वयस्कहरूकै लागि राखिएका उचाल्न पनि नसकिने ठूला प्लेटमा खानुपर्ने हुन्छ। न उनीहरू बस्ने टेबल कुर्सी नै बालमैत्री हुन्छ। साना पार्टी भेन्युदेखि अधिकांश ठूला तारे होटलको अवस्था यस्तै छ।

सपिङ महल होस् या सडकपेटी प्रायः सबै स्थानमा बालबालिकालाई सहज छैन। शहरी संरचना पनि बालमैत्री छैन। शहरमा बालमैत्री पार्कहरू पनि छैनन्। जहाँ गएर बच्चाहरू ढुक्कले खुला ठाउँमा प्रकृतिसँग खेल्न सकून्। खुला चौरमा खेल्ने शारीरिक विकास गर्ने उमेरका बालबालिका कोठामैं सीमित हुन्छन्। शारीरिक विकास गर्ने र प्रकृतिबाट नजीक भएर खेल्ने अधिकारबाट उनीहरू वञ्चित भइरहेका छन्।

नेपालको संविधानले मौलिक हक अन्तर्गतको धारा ३९ मा बालबालिकाको अधिकारको व्यवस्था गरेको छ। राज्य वा परिवारबाट प्रत्येक बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ। त्यस्तै बालबालिकाको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी ऐन २०७५ पनि कार्यान्वयनमा छ।

बालबालिकाका प्रारम्भिक बाल विकासका उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारका अवसर र समग्र उत्पादनशीलता अभिवृद्धि गर्दछ। बालबालिकाको बाँच्न पाउने अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चितताले उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँछ भन्ने कुरा सबैले आत्मसात् गर्न सकेको देखिंदैन।

शहरी बालबालिका र ग्रामीण तथा दुर्गमका बालबालिकाका समस्याहरूमा समानता छैन। ग्रामीण बालबालिकाका समस्या अझ बढी संवेदनशील भएकाले पनि राज्यका बालबालिकासम्बन्धी काम गर्ने संयन्त्र ग्रामीण बालबालिकाका गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य प्रवर्द्धन र बालश्रम न्यूनीकरणजस्ता विषयमा बढी केन्द्रित हुन जोड दिन्छन् समाजकल्याण परिषद्का सदस्य सचिव मनोज भट्ट।

नेपालले बाल अधिकारसम्बन्धी नीतिगतरूपमा काम गर्न थालेको नै एक दशकभन्दा बढी भयो। शहरी संरचना बालबालिकामैत्री हुनुपर्छ भन्ने सरकारको पनि धारणा हो। तर यसले समय लिन्छ। पुराना र बनिसकेका संरचना जे जस्ता भए पनि नयाँ बनेका र बन्दै गरेका संरचना बालबालिकामैत्री नै हुनुपर्छ। भौतिक संरचना मात्र नभएर व्यवहार, संवेदनशीलतालगायत हरेक कुरा बालसुलभ हुनुपर्ने सरकारको अवधारणा रहेको राष्ट्रिय बाल अधिकार परिषद्का प्रवक्ता तथा सूचना अधिकारी रामबहादुर चन्द बताउँछन्।

नेपालले बाल अधिकारसम्बन्धी महासन्धि २०४७ भदौ २९ गते अनुमोदन गरेर महासन्धिको पक्ष राष्ट्र बनेको छ। सोही दिनलाई नै आधार मानेर हरेक वर्ष नेपालले बाल दिवस मनाउने गरेको छ। त्यस्तै अन्तर्राष्ट्रिय बाल दिवस बाल अधिकार महासन्धि १९८९ पारित भएको दिन पारेर नोभेम्बर २० का दिन मनाइन्छ। सरकारले नेपाल भ्रमण दशक सन् २०२३ देखि २०३३ घोषणा गरी सोही अनुसार मनाउन शुरू गरे पनि बालबालिकाका समस्या र आवश्यकता पूरा गर्ने संरचना नहुँदा उनीहरूले अपहेलित भएको ठान्ने गरेका छन्।

नेपालका लागि विकास गरिएको बाल–वञ्चितीकरण सूचकाङ्क अनुसार बालबालिकासँग सम्बन्धित सबैभन्दा कमजोर सामाजिक तथा आर्थिक वञ्चितिको अवस्था मधेस प्रदेशको मध्यतराई, कर्णाली प्रदेशको मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्र रहेका छन्। हाल १८ वर्ष मुनिका ३१ प्रतिशत बालबालिका गरीबीमा बाँचिरहेको सो तथ्याङ्कले देखाएको छ। शहरमा बाल श्रमिक पनि अझै नियन्त्रण भएको देखिंदैन। सवारीका सहयोगी, साना होटल तथा रेस्टुरामा खाना ओसार्नेदेखि भाँडा माँझ्नेसम्ममा १८ वर्षमुनिका बालबालिका संलग्न रहेका छन्।

युनिसेफको प्रतिवेदन अनुसार प्रारम्भिक बाल शिक्षामा तीनदेखि पाँच वर्ष उमेरका बालबालिकाको उपस्थिति ५१ प्रतिशत रहेको छ। प्रतिवेदन अनुसार पाँच देखि १२ वर्ष उमेरका सात लाख ७० हजार बालबालिका विद्यालय जाँदैनन्। थोरै मात्र विद्यालयले बालमैत्री विद्यालयको मापदण्ड पूरा गरेका छन् भने केवल ११ प्रतिशत विद्यालयका भवन मात्र भूकम्प प्रतिरोधी रहेका छन्।

(बाँकी चौथो पातामा)

## लिलामी प्रक्रिया लम्बिँदा करोडौं मूल्यका काठ सड्दै

महोत्तरी, २५ फागुन/रासस

महोत्तरीको वनक्षेत्रमा विभिन्न समयमा कटान गरिएका रूखका काठ समयमैं लिलामी प्रक्रियामा जान नसक्दा बहुमूल्य काठ सड्ने र धोद्रिने थालेका छन्।

पूर्व–पश्चिम राजमार्गको छेउ हुँदै बिजुलीको लाइन विस्तार (विद्युत् प्रसारण लाइन)का क्रममा चार वर्षअघि कटान गरिएको र विभिन्न समयमा चोरी कटान हुँदै गर्दा र छापा मारेर नियन्त्रणमा लिइएका काठ लिलामी प्रक्रिया लम्बिंदा थाकमैं सड्ने र धोद्रिने क्रम बढेको हो।

कटान गरिएका काठका मुडा वनक्षेत्रमा थाक लगाएकै ठाउँमा सड्दै छन्, धोद्रिदै छन्। त्यस्तै, चोरी कटान भएर नियन्त्रणमा लिइएका काठ न्यायिक निकायबाट समयमैं मुद्दा किनारा नलाग्दा सड्ने र धोद्रिने क्रम बढेको हो।

महोत्तरीका छ सबडिभिजन वन कार्यालयमध्ये गणन्ता सबडिभिजन वन कार्यालय मातहत मात्रै १५ हजार क्युफिट कुकाठ (साखुबाहेकका अन्य काठ) र चार हजार क्युफिट साखु (साल) काठका मुडा लिलामी प्रक्रिया पर्खेर रहेका छन्।

कुकाठ साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालय महोत्तरीको समन्वयमा लिलामी प्रक्रियामा लाने तयारी रहेको गणन्ता सबडिभिजन वन कार्यालय बर्दिबास–४ माईस्थानका प्रमुख सहायक वन अधिकृत रामसुन्दर साहले जानकारी दिए।

डिभिजन वन कार्यालयका प्रमुखको छिटोछिटो हुने सरुवा र साझेदारी वन व्यवस्थापन समितिको नेतृत्व फेरबदलका कारण यसबीचमा लिलामी प्रक्रियामा लान ढिलाइ भएको सबडिभिजन सम्बद्ध कर्मचारी बताउँछन्।

चोरी कटान भएका काठ नियन्त्रणमा लिएपछि त्यसको प्रारम्भिक न्यायिक सुनवाइ जिल्लास्थित डिभिजन वन कार्यालय र जिल्ला अदालतमा हुने व्यवस्था छ। नियन्त्रणमा लिइएका दुई लाख बिगोभित्रका काठ चोरी मुद्दाको सुनुवाइ डिभिजन वन कार्यालयकै इजलास र त्यसभन्दा माथिको जिल्ला अदालतमा हुने कानूनी व्यवस्था छ। यी मुद्दा किनारामा ढिलाइ हुँदा १०औं वर्षदेखि थाक लगाइएका काठ धोद्रिने र सड्ने गरेको वनसम्बद्ध कर्मचारीको भनाइ छ।

नियन्त्रणमा लिई कारबाईका क्रममा रहेका काठ डिभिजन वन कार्यालय महोत्तरी मातहतको सशस्त्र वन सुरक्षा शाखा बर्दिबास–४ माईस्थान कार्यालय परिसरमा थाक लगाइएका छन्। मुद्दा किनारा नलागी यी काठ लिलाम बिक्री गर्न नपाइने व्यवस्थाले पुरानो भएर धोद्रिने र सड्ने गरेको सहायक वन अधिकृत साहले बताए।

आफ्नो कार्यक्षेत्रका सबडिभिजनमा यस्ता साखुका काठ करीब चार हजार क्युफिट रहेको साहको भनाइ छ। बिजुलीको लाइन विस्तारका लागि चार वर्षअघि कटान गरिएका कुकाठ भने गणान्ता साझेदारी वन व्यवस्थापन समितिको समन्वयमा उपभोक्ताबीच लिलामी गर्ने गरी प्रक्रिया अघि बढेको छ।


"हाम्रो कार्यालय (गणान्ता सबडिभिजन कार्यालय) क्षेत्रभित्र अहिले करीब चार हजार क्युफिट साखुका गिंड (गिन्डा) लिलामीका लागि अदालती निर्णयको पर्खाइमा छन्," कार्यालय प्रमुख साह भन्छन्, "कैयौं वर्षको घामपानी खाएर काठ बिग्रने गरेका छन्।"

लिलामीका लागि अदालती फैसला कुर्नुपरेका काठको मूल्य करोडमा रहेको वन कर्मचारी स्वीकार गर्छन्। जिल्लामा डिभिजन वन कार्यालय र महोत्तरी जिल्ला

(बाँकी चौथो पातामा)

# पूँजीगत खर्च निराशाजनक हुँदा अर्थतन्त्र दबाबमा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**पूँजीगत बजेट नै खर्च हुन नसकेको अवस्थामा विकास निर्माण अलपत्र पर्छ। यसमा सुधार ल्याउन प्रशासकीय, कानूनी र प्राविधिक पक्षमा सुधार गर्नुपर्छ। अहिले बैंक तथा वित्तीय संस्थामा तरलता अभाव छ। यसमा सुधार ल्याउन पनि सरकारले पूँजीगत खर्च बढाउनुपर्छ।**

विगत केही वर्षदेखि नेपालमा पूँजीगत खर्च वृद्धि हुन सकिराखेको छैन। पूँजीगत खर्च वृद्धि हुन नसक्दा अर्थतन्त्र दबाबमा परेको छ। यसले विकास निर्माणका नयाँनयाँ परियोजनाहरू कार्यान्वयन हुन नसक्दा रोजगार सिर्जनामा समेत अवरोध उत्पन्न भएको छ। पूँजीगत खर्च गर्न नसक्दा मुलुकको आर्थिक वृद्धिदरको सरकारी प्रक्षेपणको लक्ष्यसमेत पूरा हुन नसक्ने अवस्था सिर्जना भएको छ। पूँजीगत बजेट नै खर्च हुन नसकेको अवस्थामा विकास निर्माण कार्यले पूर्वनिर्धारित उपलब्धि हासिल गर्न सक्दैन। चालू आर्थिक वर्षको १७ खर्ब ९३ अर्ब रुपियाँ बजेटको अर्धवार्षिक समीक्षाले अधिकांश आर्थिक सूचक कमजोर देखाएको छ। यसले एकातिर बजेट तर्जुमामैं कमजोरी देखिएको छ भने भएको बजेट पनि लक्ष्य अनुरूप कार्यान्वयन हुन सकेको छैन। यसले प्रत्यक्षरूपमा विकाससँग जोडिएका आयोजनाले समेत लक्ष्य प्राप्त गर्न सकेका छैनन्।

मुलुकको अर्थतन्त्रमा अपेक्षित उपलब्धि हासिल गर्न राष्ट्रिय महत्त्वका र रणनीतिक योजना बजेटमा समावेश गरिएका थिए। तर राष्ट्रिय महत्त्वका यस्ता आयोजनाको प्रगति ज्यादै निराशाजनक हुँदा अर्थतन्त्रमा शिथिलता आउनु स्वाभाविकै छ। त्यसैले मुलुकको अर्थतन्त्रमा अपेक्षित उपलब्धि हासिल गर्न पूँजीगत खर्च बढाउनैपर्छ। तर अर्धवार्षिक बजेट समीक्षामा १४ प्रतिशतको हाराहारीमा मात्र पूँजीगत बजेट खर्च भएको देखिन्छ। चालू आर्थिक वर्षको ६ महीनामा १४ प्रतिशत बजेट खर्च गरेर बाँकी ६ महिनामा ८६ प्रतिशत खर्च गर्न सक्ने कुरा प्रायः असम्भव छ। अहिले बैंक तथा वित्तीय संस्थाहरूको तरलतामा केही सुधार भएको भनिए पनि त्यसमा खासै सुधार भएको देखिएको छैन। छोटो अवधिका लागि केही सकारात्मक भए पनि यसले निरन्तरता पाउने कुरामा धेरै आशङ्का छ। एकातिर बैंकहरू ब्याजदर घटाउन र अर्कोतिर ऋण उपलब्ध गराइदिन माग गरिरहेका छन्। अर्थतन्त्र कमजोर हुँदै गएको अवस्थामा उद्योगी तथा व्यवसायीलाई आवश्यक ऋण दिन सक्ने अवस्था पनि छैन। यसरी अर्थतन्त्रमा चौतर्फी दबाब परेको देखिन्छ।

विशेषगरी नेपालको अर्थतन्त्र आयातमुखी छ। कुल राजस्वको झन्डै ६० प्रतिशत हाराहारी भन्सारको योगदान छ। कोभिड र रूस-युक्रेन युद्धले अन्तर्राष्ट्रिय बजारमा नै मूल्यवृद्धि हुँदा नेपालले आयात गर्ने अटोमोबाइल र इन्धनदेखि खाद्यान्नसम्मका सामानमा उच्च मूल्यवृद्धि भएको छ। आयातमा निर्भर मुलुकमा यसरी उच्च मूल्यवृद्धि भएका कारण अर्थतन्त्रका सूचक कमजोर हुँदै गएका छन्। अहिले अर्थतन्त्र सकारात्मक देखिएको छैन। विषेशगरी राजस्व, पूँजीगत खर्च, तरलता, सरकारी कोषमा परेको चाप, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, आन्तरिक उत्पादन, बढ्दो आयात र घट्दो निर्यातजस्ता अर्थतन्त्रका आधारभूत क्षेत्र खस्किएका देखिन्छन्। यस्ता क्षेत्रमा सुधार नगरी अर्थतन्त्रलाई गतिशील बनाउन सकिँदैन। नेपालको अर्थतन्त्र मूलतः वैदेशिक सहायतामा निर्भर छ। यो भनेको वैदेशिक अनुदान र ऋण सहायता नै हो। आयोजना व्यवस्थापनमा देखिएका विभिन्न समस्याको निराकरण गर्न नसक्दा दातृ निकायबाट उपलब्ध सहायता पनि खर्च हुन सकेको छैन। विशेषगरी दातृ निकायले सहायता दिंदा विभिन्न शर्त र प्रक्रिया पूरा गर्नुपर्ने कारणले पनि रकम प्राप्त गर्न सकिएको छैन। पहिले नेपाल सरकारको स्रोतबाट खर्च गर्ने र पछि उक्त रकम दातृ निकायबाट प्राप्त हुने प्रक्रिया हुन्छ, जसलाई शोधभर्ना भनिन्छ। आयोजना कार्यालयले सम्झौतामा उल्लेख भए अनुसार शोधभर्ना माग नगर्दा पनि नेपाल सरकारको सञ्चित कोषमा दबाब सिर्जना हुने गरेको पाइन्छ। यसरी सरकारी ढुकुटीमा राजस्व र वैदेशिक ऋण सहायता दुवैतर्फबाट दबाब सिर्जना भएको अवस्था छ।

वैदेशिक तथा आन्तरिक गरी नेपालको कुल ऋण २० खर्ब रुपियाँभन्दा बढी छ। विशेषगरी ४८ खर्ब रुपियाँको राष्ट्रिय अर्थतन्त्र भएको मुलुकमा २० खर्ब ऋण लिनु त्यति ठूलो नभए पनि चनाखो भने हुनैपर्दछ। श्रीलङ्कामा आर्थिक सङ्कट आएको यही बाह्य ऋणबाट नै हो। त्यसैले यस विषयमा निकै संयमित हुनुपर्छ। परनिर्भर अर्थतन्त्रमा विदेशी मुद्रा सञ्चिति कमजोर अवस्थामा हुन्छ। सामान्यतया अल्पविकसित मुलुकका लागि कम्तिमा पनि नौ-दश महीना धान्न सक्ने विदेशी मुद्रा सञ्चिति हुनुपर्छ। तर, नेपालमा मुश्किलले ६-७ महीना पुग्ने देखिएको छ। त्यो पनि वर्तमान अवस्थामा पर्यटन सेवा र विप्रेषणमा केही सुधार भएकाले हो। यी दुवै क्षेत्र भिन्नभिन्न परिस्थितिमा भर पर्ने भएको हुँदा सधैं यही स्थिति रहन्छ भन्न सक्ने अवस्था छैन। आयात नियन्त्रण गर्न सरकारले बढी मूल्य र विलासिताका सामानको आयातमा रोक लगाएपछि भन्सार राजस्वमा प्रतिकूल प्रभाव पर्न गएकोले अहिले त्यस्ता वस्तुको आयातमा प्रतिबन्ध हटाइएको छ। प्रतिबन्ध लगाउँदा राजस्व कम प्राप्त हुने र प्रतिबन्ध नलगाउँदा आयात बढेर शोधनान्तर घाटा बढ्न जाने भएकोले यसतर्फ सन्तुलन कायम गर्नु नेपालका लागि ठूलो चुनौती छ।

हुनत देशको अर्थतन्त्र सबल बनाउन आन्तरिक उत्पादनको महत्त्वपूर्ण भूमिका हुन्छ। किनभने आयातमुखी अर्थतन्त्रमा देशको सीमित विदेशी मुद्रा पनि यसैको भुक्तानीमा खर्च गर्नुपर्ने हुन्छ। निर्यात न्यून भएकोले सञ्चित विदेशी मुद्रा पनि खर्च गर्नुपर्ने बाध्यताले अर्थतन्त्रमा झनै दबाब पर्न जान्छ। वास्तवमा निजी लगानीको परिमाण बढ्न नसक्दा उत्पादकत्व एवं रोजगार नराम्ररी प्रभावित भएको छ। यही कारण आयात बढेको छ। पूँजीगत खर्च बढ्न नसक्नुको महत्त्वपूर्ण कारण सरकार र आर्थिक प्रशासन चलाउनेहरूको अयोग्यता वा बेवास्ता के हो? त्यसको उत्तर कतैबाट आइरहेको छैन। सत्तावरिपरि रहेकामध्ये केही त संसारका राम्रा भनिएका विश्वविद्यालयको डिग्रीधारी अर्थशास्त्री र विकासविज्ञहरू पनि छन् भनिन्छ। के उनीहरूले यो अवस्था देखेका र यस्तो गम्भीर अवस्था बुझेका छैनन्? कि पद जाने डरले अर्थतन्त्रको वास्तविक चित्र उनीहरूले प्रधानमन्त्री र सत्ता गठबन्धनका शीर्ष नेताहरूलाई भन्ने आँट गर्दैनन्? देशको खस्कँदो आर्थिक अवस्थाले उनीहरूलाई पटक्कै पिरोल्दैन वा उनीहरू यही दुरवस्था दोहन गरेर आफ्नो निजी स्वार्थ पूरा गरिरहेका छन्। अहिलेको 'सेटिङ' भत्कँदा यो दोहनचक्र भत्किने देखेर मौन बसेका हुन् कि? यस्ता विभिन्न प्रश्न अहिले उब्जिएका छन्। यस्ता प्रश्नहरूको जवाफ सम्बन्धित पक्षले दिनैपर्दछ।

नेपालको अर्थतन्त्र कमजोर बनाउने कारक तत्त्व कोरोना भाइरस सङ्क्रमण (कोभिड) लाई पनि लिने गरिएको छ। कोभिडका कारण सरकारले लागू गरेको लामो समयको बन्दाबन्दीले प्रायः सबै उद्योगधन्दा, कलकारखानाजस्ता उत्पादनशील क्षेत्र प्रभावित बन्न पुगेका थिए। उत्पादनका क्षेत्रमा बन्दाबन्दी हुँदा अधिकांश श्रमिकको रोजीरोटी खोसिएका छन् भने उद्योगी-व्यवसायीको आम्दानी सीमित हुन पुगेको छ। फलस्वरूप सावाँ-ऋण तिर्न नसक्दा बैंक तथा वित्तीय संस्थाले उनीहरूको घरजग्गा लिलामी गर्न थालेका छन्। उत्पादनले गति लिन नसक्दा सरकारले राजस्वसमेत गुमाएको छ। यसको असर सरकारी कोषमा परेको छ। यस्तो अवस्थामा ८ प्रतिशतको आर्थिक वृद्धि र ७ प्रतिशतको सीमाभित्र मूल्य नियन्त्रण गर्ने कुरा पनि सम्भव देखिँदैन। नेपालको अर्थतन्त्रमा सरकारी फजुल खर्च वृद्धि भइरहेको छ। खर्च वृद्धि हुँदा जनतालाई प्रवाह गरिने सेवासुविधा पनि महँगो भएको छ। कार्यालयलाई आवश्यक पर्ने सामानको आवश्यकता र अनुमान नगरी खरीद गर्दा अनावश्यक सामानले ठाउँ ओगटेका छन्। बजेटको व्यवस्था र यसले अधिकार दिएपछि जे जसरी पनि खर्च गरे हुन्छ भन्ने मानसिकता विकसित हुँदै गएको देखिन्छ, जसले गर्दा बेरूजु अङ्क डरलाग्दो किसिमले बढेको देखिन्छ। त्यसैले समयमैं राजस्व प्रशासनलाई चुस्त र दुरुस्त बनाउन सक्नुपर्छ। यसका साथै दबाबमा परेको अर्थतन्त्र उकास्न सम्भव भएसम्म उद्योगी व्यवसायीलाई विभिन्न किसिमको सुविधा र ब्याजदरमा विचार गर्नैपर्छ।

सरकारले बजेट संशोधनमार्फत २ खर्ब ४४ अर्ब रुपियाँको बजेट कटौती गरेको भनिए पनि विगतको अनुभव अनुसार कार्यान्वयन हुने कुरामा शङ्का गर्ने प्रशस्त ठाउँ छ। यसरी खर्च कटाउँदा बजेटले सन्तुलन गुमाउन सक्छ। पूँजीगत बजेट नै खर्च हुन नसकेको अवस्थामा विकास निर्माणका काम अलपत्र पर्छन्। यसमा सुधार ल्याउन प्रशासकीय, कानूनी र प्राविधिक पक्षमा सुधार गर्नुपर्छ। अहिले बैंक तथा वित्तीय संस्थामा तरलता अभाव छ। यसमा सुधार ल्याउन पनि सरकारले पूँजीगत खर्च बढाउनुपर्छ। पूँजीगत खर्च बढाउनु भनेको विकास निर्माण कार्यलाई तीव्रता दिनु हो। जनताका हातमा पैसा पुग्नु हो। यसो गर्न सकेमा अर्थतन्त्र चलायमान हुन्छ। त्यसैले औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास सङ्घीय सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

## नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौं, २५ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार उच्च अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५० दशमलव शून्य चार अङ्कले बढेर दुई हजार दुई दशमलव ७० अङ्कमा पुगेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव २७ अङ्कले बढेर ३७९ दशमलव ५० मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहको शेयर मूल्यमा नै आज वृद्धि भएको छ।

विभिन्न कम्पनीका ४५ लाख ६६ हजार ४३ कित्ता शेयर रु एक अर्ब ५६ करोड ५५ लाख ५८ हजार ८०२ मूल्यमा खरीद-बिक्री भएका छन्। आजको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब एक अर्ब ३१ करोड ७२ लाख ३८ हजार २२२ पुगेको छ।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। कम्पनीको रु सात करोड ८५ लाख ८८ हजार ३१७ बराबरको कारोबार भयो। हिमालयन डिस्टिलरी रु पाँच करोड ७३ लाख १७ हजार २७१, अरुण काबेली पावर रु चार करोड ७६ लाख ४६ हजार ६८८, नबिल बैंक रु तीन करोड ५७ लाख ८५ हजार २०७ र शिव श्री हाइड्रोपावरका लगानीकर्ताले रु तीन करोड ४० लाख ६६ हजार ४९९ बराबरको कारोबार गरी शीर्ष पाँचभित्र परेका छन्।

नेप्सेका अनुसार शुभम् पावर नौ दशमलव ९८, नेपाल इन्स्योरेन्स कम्पनी नौ दशमलव ४४, शिव श्री हाइड्रोपावर आठ दशमलव ५२, अभियान लघुवित्त सात दशमलव ५९ र जोशी हाइड्रोपावरको शेयर मूल्य सात दशमलव ४३ प्रतिशतले बढेका छन्।

त्यस्तै, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ पाँच दशमलव ८१, प्राइम बैंकको ऋणपत्र एक दशमलव ९९, सिटिजन म्युचुअल फन्ड पहिलो एक दशमलव ८७, सिटिजन म्युचुअल फन्ड दोस्रो एक दशमलव ७९ र लक्ष्मी उन्नति कोषको मूल्य एक दशमलव ७५ प्रतिशतले घटेका छन्।

## ब्याजदर घटाउँदै बैंक

काठमाडौं, २५ फागुन/रासस

वाणिज्य बैंकहरूले आगामी चैतमा ब्याजदरमा सामान्य परिवर्तन गर्दै घटाउने भएका छन्।

आज बसेको वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घको बैठकले आगामी चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको हो।

आगामी चैत १ गतेदेखि निक्षेपमा शून्य दशमलव चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको सङ्घका अध्यक्ष सुनील केसीले जानकारी दिए। उनले आफूहरू ऋणको ब्याजदर क्रमशः घटाउनमा केन्द्रित भएको बताए।

हाल बैंकहरूले आधारदरमा छ प्रतिशतसम्म प्रिमियम लिने गरेका थिए। अब एक प्रतिशत घटेपछि आधारदरमा पाँच प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन्।

यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन्। यसअघि साधारण बचतमा न्यूनतम छ दशमलव ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलव ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो। मुद्दती निक्षेपको ब्याजदर भने स्थिर राखिएको छ। हाल बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन्। यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र विप्रेषण मुद्दती खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ।

उद्योगी-व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्थाले तत्काल बैंक तथा वित्तीय संस्थाको ब्याज घटाउनुपर्ने माग गर्दै आएका छन्। चौतर्फी दबाब बढेपछि बैंकर्स सङ्घले सामान्य अङ्कले मात्रै ब्याजदर घटाउने निर्णय गरेको हो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**


## २९ हजारले लिए ई-सिम

काठमाडौं, २५ फागुन/रासस

नेपालमा ई-सिम (इम्बेडेड सबस्क्राइबर आइडेन्टिटी मोड्युल) प्रयोगकर्ताको सङ्ख्या २९ हजार नाघेको छ। नेपाल टेलिकमका प्रवक्ता शोभन अधिकारीले गत भदौ ३१ देखि हालसम्म २९ हजारभन्दा बढी वितरण भइसकेको जानकारी दिए।

नेपाल टेलिकमले शुरूमा सुन्धारा काउन्टरबाट ई-सिम वितरण गरेको थियो। साथै गत असोज ४ गतेदेखि भने नक्साल, चावहिल, ठिमी, भक्तपुर, पाटन, गोङ्गबु, छाउनी र पुलचोक ग्राहक सेवा केन्द्रबाट वितरण शुरू गरेको थियो भने मङ्सिर ८ देखि भने देशभर ई-सिम उपलब्ध गराइएको हो।

"नेपाल टेलिकमका पुराना ग्राहकले ई-सिम लिन चाहेमा निश्शुल्क प्राप्त गर्न सक्छन्। पोस्टपेडको नयाँ ई-सिम लिन चाहनेले अहिले बिक्री भइरहेकै मूल्यमा लिन सक्छन्," प्रवक्ता अधिकारीले भने, "ई-सिममा ग्राहकले आफ्नो उपकरण अनुसार बढीमा २० वटासम्म नेटवर्कमा जोड्न सक्छन्।" तर एकपटक भने एउटा नेटवर्कमा मात्रै जोड्न सकिने उनको भनाइ छ।

**के हो ई-सिम ?**

ई-सिम इलेक्ट्रिक सिम हो। जुन मोबाइल डिभाइस तथा डिजिटल डिभाइसमैं इम्बेड गर्न सकिन्छ। मोबाइल सेटबाहेक ई-सिमलाई अन्य डिभाइस तथा स्मार्ट वाच र शरीरमा पहिरिनयोग्य विभिन्न प्रकारका डिभाइसमा पनि प्रयोग गर्न सकिन्छ। ई-सिम उपलब्ध भएपछि भौतिकरूपमा प्रयोग गरिने सिमकार्डको आवश्यकता रहँदैन।

ई-सिम प्रयोग गर्न मोबाइल सेटमा ई-सिम इन्स्टल गर्नका लागि क्यूआर कोडमार्फत स्क्यान गर्नुपर्छ। क्यूआर कोडको सुविधा भएका पछिल्लो पुस्ताका मोबाइल सेटमा मात्र ई-सिम प्रयोग गर्न सकिन्छ।

सिमकार्डमा प्रयोग हुने स्टोरेज, मेमोरी मोबाइल डिभाइसमा हुन्छ। ग्राहककर्ताले प्रयोग गर्ने मोबाइलमा भएको विशेषता अनुसार र ग्राहकले लिन चाहने सेवासँग ई-सिम जोडिन्छ। ई-सिम इम्बेड हुनाले सिमकार्डजस्तो हराउने, भाँचिने हुँदैन।

यस्तो सुविधा यदि कुनै व्यक्ति विदेशमा गएको खण्डमा विदेशको नेटवर्क सेवा लिएर पुरानो नेटवर्क पनि राख्न सकिन्छ। त्यसलाई मोबाइलबाट हटाउन वा सिम निकाल्नुपर्ने झन्झट हुँदैन। विदेशमा उतैको ई-सिम लिएर सहजै विदेशी नेटवर्कसँग जोडिन सकिन्छ।

सिमकार्ड प्रयोगमा रहँदा मोबाइल हराएको खण्डमा पुनः पहिले लिएको सिमको प्रक्रिया अनुसार प्राप्त गर्न सकिन्छ भने ई-सिम प्रयोगकर्ताको सुविधालाई मध्यनजर गर्दै मोबाइल हराएको खण्डमा हालसम्म दुई/तीन पटकसम्म क्युआर स्क्यान गरी सोही सिम लिन सकिन्छ।

जुन स्कानर ग्राहकले ई-सिम लिंदा नै प्राप्त गर्ने व्यवस्था हुन्छ। जसको सुरक्षा ग्राहक स्वयंले नै गर्नुपर्छ। ई-सिम सपोर्ट गर्ने जुनसुकै ग्राहकले ई-सिम प्राप्त गर्न सक्ने व्यवस्था छ। सिमकार्डको प्राप्तिका लागि चाहिने कागजात र शुल्क ई-सिम प्राप्त गर्नका लागि पनि एउटै व्यवस्था छ। सिमकार्डमा भएका सबै सेवा ई-सिममा पनि रहन्छ भने ई-सिममा थप सुविधा रहन्छ।

ई-सिममार्फत एउटा फोनबाट अर्को फोनबाट डाटा सार्न, ई-सिममा उपलब्ध डाटालाई आवश्यकता अनुसार परिवर्तन गर्नसमेत सकिन्छ। मोबाइलले ई-सिम सपोर्ट गर्छ भने जुन अपरेटरको सेवा लिन मन छ ग्राहककोमा आफ्नो केवाइसी अद्यावधिक गराएर सिम प्रोफाइल अपडेट गराए मात्र पुग्ने टेलिकमले जनाएको छ।


विश्वभर सूचना प्रविधिले फड्को मारेको परिवेशमा नेपालमा पनि ई-सिमको माग पनि बढ्दै गएको छ। नयाँ प्रविधिको विकाससँगै भविष्यमा ई-सिमको माग बढ्न सक्ने सम्भावना रहेको प्रवक्ता अधिकारीले बताए।

## शहरी ...

एकदेखि १४ वर्ष उमेरका ८२ प्रतिशत बालबालिकालाई परिवारकै सदस्यले कुनै न कुनै रूपमा मानसिक वा शारीरिक दण्ड सजाय दिएको पाइन्छ। पाँचदेखि १७ वर्ष उमेरका बालबालिकामध्ये ३७ प्रतिशत श्रममा लगाइएका छन्। कानूनसँग विवादमा परेका बालबालिकाका लागि हिरासतको विकल्प तथा पुनःस्थापना सेवा उपलब्ध हुन सकेको छैन। न्यायिक प्रक्रियामा बाल संवेदनशील कार्यविधिको कमी रहेको छ। १९ प्रतिशत विद्यालयमा छात्रछात्राका निम्ति भिन्नै शौचालय एवं महीनावारीका बेला आवश्यक पर्ने सरसफाइको व्यवस्था छैन।

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनका खार्किभ र ओडेसामा रूसी आक्रमण तीव्र


तस्वीर: एजेन्सी

कीभ, २५ फागुन/एएफपी

रूसले युक्रेनका ओडेसा र खार्किभ क्षेत्रलाई लक्ष्य गरेर हवाई आक्रमण गरेको छ। महीनौंदेखि ती क्षेत्रमा क्षेप्यास्त्र र ड्रोन हमला गरेर रूसले पानी र बिजुली आपूर्तिमा अवरोध गरिरहेको स्थानीय अधिकारीहरूले बताएका छन्।

खार्किभका गभर्नर ओलेग सिनेगुबोभले ती क्षेत्रका महत्त्वपूर्ण पूर्वाधारमा १५ पटक हमला भएको बताएका छन्।

प्रारम्भिक जानकारी अनुसार खार्किभ क्षेत्रको एउटा निजी आवासीय भवनमा आक्रमण भएको उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्। आक्रमणबाट भएको क्षति एवं हताहतीबारे विवरण सङ्कलन भइरहेको उनले बताएका छन्।

खार्किभ नगरका प्रमुख इगोर तेरेखोभले ऊर्जा पूर्वाधारमा आक्रमण भएको जनाउँदै त्यसबाट विद्युत् आपूर्तिमा समस्या भएको बताएका छन्। ओडेसा क्षेत्रका गभर्नर म्याक्सिम मार्च्नेकोले पनि शत्रुले ऊर्जा क्षेत्रका पूर्वाधार तथा आवासीय भवनमा क्षति पुऱ्याएको बताएका छन्। भाग्यवश आफ्नो क्षेत्रमा मानवीय क्षति नभएको उनले उल्लेख गरेका छन्।

स्थानीय सैन्य प्रशासनका अनुसार कीभ क्षेत्रमा हवाई प्रतिरक्षा प्रणालीलाई सक्रिय पारिएको छ। पश्चिमी खेमेलेन्स्की क्षेत्रका गभर्नर सेइगे गमालीले देशका महत्त्वपूर्ण पूर्वाधारमा रूसी आक्रमण जारी रहेको बताउँदै त्यहाँका बासिन्दालाई घरबाहिर ननिस्कन तथा सावधानी अपनाउन आग्रह गरेका छन्।

यसैबीच, कीभका नगरप्रमुख भिटाली क्लित्सकोले देशका विभिन्न भागमा हवाई आक्रमण भइरहेका बेला राजधानीमा पनि विष्फोट भएको जानकारी दिएका छन्। राजधानीको होलोसिम्स्की जिल्लामा विष्फोट भएको जनाउँदै उनले सुरक्षा निकाय तथा सेवाप्रदायकहरू घटनास्थलतर्फ प्रस्थान गरेको बताएका छन्।

औद्योगिक शहर बाख्मुतलाई क्रमश: आफ्नो नियन्त्रण लिएको बुधवार जनाउँदै मस्कोले अन्य क्षेत्रमा पनि आक्रमणलाई तीव्र बनाएको हो।

बाख्मुत दुश्मनको कब्जामा आएमा रूस अझ उत्साहित हुने भन्दै युक्रेनले शत्रुलाई रोक्न हरप्रयास गर्नुपर्नेमा जोड दिएको छ। युक्रेनी उपरक्षामन्त्री गन्ना मलियारले बाख्मुतमा बुधवार गरिएको प्रतिकारलाई विजय मान्नुपर्ने बताएका छन्। रासस

## कङ्गोमा द्वन्द्व कारण विस्थापित हुनेहरू बढ्दै

संयुक्त राष्ट्रसङ्घ, २५ फागुन/सिन्हवा

कङ्गोमा जारी रहेको द्वन्द्वका कारण विस्थापित हुने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको देखिएको छ। कङ्गोको पूर्वी भूभागमा पछिल्ला केही समययता जारी रहेको द्वन्द्वले यहाँका सर्वसाधारण नागरिकहरू विस्थापित भएका छन्। राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी एक निकायले दिएको जानकारी अनुसार कङ्गोको पूर्वी क्षेत्रमा केही समययता हिंसा बढेको छ। त्यस हिंसामा परेर यहाँका २० हजारजनाभन्दा बढी व्यक्ति विस्थापित भएका छन्।

पछिल्लो समयमा एम–२३ नामक एक हिंसात्मक समूहले विद्रोह गरिरहेको छ। सो समूहका विद्रोही र सरकारी सेनाका बीचमा दिनहुँजसो भिडन्तहरू हुन थालेका छन्।

उत्तरी किभु प्रान्तमा सो विद्रोही समूह र यहाँको सेनाका बीचमा भिडन्तहरू जारी रहेका छन्। सो भिडन्तमा परेर २० हजारभन्दा बढी स्थानीय नागरिक विस्थापित हुन पुगेका कङ्गोमा रहेको राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ। रासस

## खाद्यान्न निर्यातसम्बन्धी छलफल

संयुक्त राष्ट्रसङ्घ, २५ फागुन/सिन्हवा

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेर्रेस र युक्रेनका राष्ट्रपति भोलोदमिर जेलिन्स्कीबीच बुधवार युक्रेनको कीभमा भएको भेटवार्ताका क्रममा 'ब्ल्याक सी' हुँदै आएको निकासीलाई थप विस्तार गर्नुपर्नेमा सहमति भएको छ।

उनीहरूका बीचमा बुधवार कीभमा भेटवार्ता भएको र त्यस क्रममा युक्रेन र रूसका बीचमा जारी रहेको युद्धका कारण खाद्यान्न तथा आवश्यक मलखादको निकासीको कामलाई रोक्न नहुने र यसले विश्वमा नै खाद्यान्न उत्पादनका क्षेत्रमा असर गर्ने बताइएको छ। यसअघि पनि 'ब्ल्याक सी' हुँदै खाद्यान्न तथा मदखादको निकासी पैठारीका लागि सम्झौता भएको र त्यसको म्याद सकिएको भन्दै अब आगामी दिनमा त्यसलाई थप विस्तार गर्नुपर्ने बताइएको थियो। राष्ट्रसङ्घीय महासचिव गुटेर्रेसले सो भेटपछिको कुराकानीमा सो कुरा बताएका हुन्।

सो भेटवार्ताका क्रममा युक्रेन र रूसका बीचमा सन् २०२२ को जुलाईमा भएको मल तथा खाद्यान्नको निकासीको सम्झौताका विषयमा कुराकानी भएको र सो सम्झौताको म्याद थपेर 'ब्ल्याक सी' हुँदै गरिने पारवहनको काममा निरन्तरता दिने सहमति भएको बताइएको छ।

गत वर्षदेखि युक्रेनमा रूसले गरेको आक्रमणका कारण कतिपय आपूर्तिका विषयमा विवाद उत्पन्न भएको छ। खाद्यान्न तथा अन्य आवश्यक कृषि सामग्रीहरूको आपूर्ति हुन नसक्दा विश्व बजारमा नै यसको प्रभाव परिरहेको छ। यसै विषयमा छफफलका लागि महासचिव गुटेर्रेस बुधवार कीभ पुगेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – कार्यनाश |
| मिथुन – वाहनकष्ट | कर्कट – मित्रमिलन |
| सिंह – कान्तिक्षय | कन्या – अन्नलाभ |
| तुला – खर्चवृद्धि | वृश्चिक – प्रसन्नता |
| धनु – पदोन्नति | मकर – राज्यभय |
| कुम्भ – अलमल | मीन – नारीसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## राष्ट्रपतिमा रामचन्द्र पौडेल विजयी



काठमाडौं, २५ फागुन/रासस

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएका छन्।

मुलुकको तेस्रो राष्ट्रपतिका लागि आज भएको मतदानमा उनले आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई पराजित गरी निर्वाचित भएका हुन्।

मतदानमा पौडेलले ३३ हजार ८०२ र नेम्वाङले १५ हजार ५१८ मतभार प्राप्त गरेका निर्वाचन आयोगले जनाएको छ।

राष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ। राष्ट्रपति निर्वाचनमा सङ्घीय संसद्तर्फ ३३२ र प्रदेशसभा सदस्य ५५० गरी कुल ८८२ मतदाता कायम छन्। सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ।

निर्वाचनमा ३१३ सङ्घीय सांसद र ५१८ प्रदेशसभा सदस्यले मतदान गरेका थिए।

राष्ट्रपति पदको मतदानका लागि आज बिहान १० देखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो। मतदानका लागि नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से कक्षमा सङ्घीय सांसद र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्र कायम गरिएको थियो।

पूर्वसभामुखसमेत रहेका पौडेल काङ्ग्रेससहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टीको साझा उम्मेदवार थिए भने अर्का पूर्वसभामुख नेम्वाङलाई एमालेको मात्र साथ थियो।

संविधानमा नेपालमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ। संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ। नेपालमा विसं २०६२/६३ को आन्दोलनको उपलब्धिका रूपमा मुलुकमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपति प्रणालीको अभ्यास शुरू भएको हो। राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुईपटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुन: उम्मेदवार हुन नसक्ने संविधानमा उल्लेख छ।

## बोटबिरुवा र तारपोलमा क्षति

प्रस, निजगढ, २५ फागुन/

कोल्हवी नगरपालिका–५ रामवनमा मङ्गलवार राति लाखौं मूल्यबराबरको बोटबिरुवासहित तारपोल क्षति भएको छ।

डिभिजन वन कार्यालय, बारा मातहतको मधुवन सबडिभिजन वन कार्यालयको बोधवन वन क्षेत्रको रामवनमा अज्ञात समूहले होली पर्व र रातिको मौका छोपी साढे पाँच हेक्टर वनक्षेत्रमा लगाइएको करीब नौ हजार टिक, मसला प्रजातिका हुर्किसकेका लाथ्रा काटेर नष्ट गरेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ।

डिभिजन वन कार्यालय, सिमराबाट सो हानिनोक्सानी भएको क्षेत्रको निरीक्षण गर्न सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीको टोली पुगेको छ।

राष्ट्रिय वन क्षेत्रमा स्थानीयले अतिक्रमण गरी घरटहरा बनाउने, खेतीपाती गर्ने गरेका छन्। दुई वर्षअघि जनप्रतिनिधि, समाजसेवी, प्रहरी प्रशासनको सहयोगमा वन कार्यालयले तारबारले घेराबार गरी बिरुवा रोपण गरेको सहायक वन अधिकृत कुर्मीले बताए।


रामवनमा मङ्गलवार राति वन कार्यालयले गरेको वृक्षरोपणका बिरुवा र काटेर, तारपोल भाँचिको दृश्य। तस्वीर: प्रतीक

आव २०७७/७८ को वृक्षारोपण कार्यक्रम अन्तर्गत उक्त वनक्षेत्रमा बिरुवा रोपण, तारबार लगाउँदा लगभग १० लाख खर्च भएको डिवका, बाराले जनाएको छ। यस क्षेत्रमा अधिकांश टिक र मसला प्रजातिको लाथ्रालाई काटेर ढालिएको छ। त्यसैगरी, तारबार लगाइएका अधिकांश सिमेन्टेड पोल भाँचिएका छन्।

"यो वन संरक्षणको तर्फबाट हेर्दा जघन्य अपराध हो, जुन निन्दनीय छ," डिभिजनल वन अधिकृत विनोद सिंहले भने। यस अपराध कार्यमा संलग्न जोकोही भएपनि यथाशीघ्र पत्ता लगाइ कानूनी कठघरामा उभ्याइने डिएफओ सिंहले भने।

"यहाँ निकै मेहनत गरी वृक्षारोपण गरेका थियौं," सहायक वन अधिकृत जवाहरप्रसाद कुर्मीले भने। यस वन अपराध कार्यमा संलग्न हुनेलाई वन ऐन २०७६ बमोजिम हदैसम्मको कानून प्रयोग गरी दण्ड, जरिवाना र जेल हाल्नसमेत वन कार्यालय पछि नपर्ने सहायक वन अधिकृत कुर्मीले बताए। यस घटनामा संलग्नको पहिचान गरी अविलम्ब कानूनी प्रक्रिया अघि बढाउन अनुसन्धान अधिकृतसमेत तोकी काम कारबाही अघि बढाइएको वन कार्यालय सिमराले जनाएको छ।

### दोस्रोपटकपनि नदीजन्य ...

आइइई रिपोर्ट तयार गरी एक करोड ८५ लाख घनफिट नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरे पनि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति केन्द्रीय कार्यालय, काठमाडौंले चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रभित्र पसेर निजगढ नपाले आइइई रिपोर्ट तयार पारी लगाएको ठेक्कालाई खारेज गर्न निर्देशनात्मक पत्राचार गरेपछि निजगढ नपाले एक करोड ५६ लाख १४ हजार ७४४ घनफिट उत्खनन, सङ्कलन गर्न पुन: अर्को टेन्डर आह्वान गर्नुपरेको थियो।

त्यस बेला राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट खटिएका भूगर्भविद् प्रेमनाथ पौडेल, जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख, जिल्ला समन्वय समितिका अध्यक्ष, जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहितको टोलीले आइइई रिपोर्ट अध्ययन र स्थलगत अनुगमन गरेको थियो।

त्यस बेला निजगढ नपाले वनक्षेत्रभित्र विनाजानकारी र सहमतिबेगर आइइई रिपोर्ट तयार गरी नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरेको भन्दै वनक्षेत्रभित्रका खोलानालाबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन जोकोहीले गरे वन ऐन, नियम आकर्षण हुने चेतावनी दिएपछि ठेकेदार वनक्षेत्रमा पस्न सकेको थिएन।

एकमुस्टरूपमा निजगढ नपामा भएका खोलाको ठेक्का लगाउँदा अहिलेको आर्थिक मन्दी र छोटो समयसीमाभित्र ठेक्कामा तोकिएको नदीजन्य पदार्थको परिमाण निकाल्न नसक्ने भएकोले पनि ठेक्का हाल्नबाट व्यवसायीहरू पछि हटेका देखिन्छन्।

धन्सार, बकैया खोलालगायतका अन्य खोलामा छुट्टाछुट्टै टेन्डर आह्वान गर्दा साना पूँजीका ठेकेदार व्यवसायीहरू मिलेर ठेक्का सकार गर्न सक्ने सम्भावना बढी देखिन्छ।

स्थानीय तहले नदीजन्य पदार्थको ठेक्का लगाए पनि अधिकांश नदीजन्य पदार्थ क्रसर उद्योगमा बिक्री हुने गरेको छ। सरकारले लामो समयदेखि क्रसर उद्योगहरूको नवीकरण नगरी पटक–पटक विद्युत् आपूर्ति काटी बन्द गर्ने र खुलाउने गर्दै आएसँगै निजगढको नदीजन्य पदार्थको अहिले ठेक्का लाग्न नसकेको अनुमान छ। यता निजगढ नपाले नगरप्रहरीलाई खटाइ नदीजन्य पदार्थ उत्खनन तथा निकासी कर भने सङ्कलन गर्दै आइरहेको छ।

### आगलागी हुनबाट सावधानी अपनाऔं ।

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होसियारी अपनाऔं।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निक्यौंल गरौं।
- जथाभावी चुरोट, बिडीका ठूटा ननिभाई नफ्याँकौं।
- विद्युत्बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं।
- आफ्नो घर, टोलमा आगलागीको घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारूणयन्त्रको सम्पर्क नम्बर ०५१-४१८००० मा खबर गरौं।

वीरगंज महानगरपालिका कार्यालय

### लिलामी ...

अदालतमा यस प्रकृतिका कतिपय मुद्दा २०४८ देखिकै फैसला हुन बाँकी रहेको वन कर्मचारीको भनाइ छ।

डिभिजन वन कार्यालयमा २०४८ सालयता हालसम्म दुई सयको हाराहारीका वन मुद्दा (काठ चोरी निकासी) छन्। यी मुद्दा दुई लाख बिगोभित्रका हुन्। यसबाहेक दुई सयभन्दा बढी मुद्दा अदालतमा विचाराधीन रहेका कार्यालयले जनाएको छ।

अदालतमा मुद्दाको अत्यधिक चाप र मुद्दा फैसला प्रक्रियामा पुग्न नसकेका (अभियुक्तमध्ये केही फरार रहेका, साक्षी बकपत्र हुन नसकेका)ले फैसलामा ढिलाइ हुने गरेको बताइन्छ।

जिल्लामा डिभिजन वन कार्यालय र छवटा सबडिभिजन वन कार्यालय छन्। गणान्ताबाहेकका सबडिभिजन वन कार्यालय मातहत पनि लिलामी हुन बाँकी रहेका काठका थाक छन्। नियन्त्रणमा लिइएका काठसँगै कैयौं ढुवानी साधन (ट्याक्टर, बयलगाडा) पनि मुद्दा फैसला पर्खंदापर्खंदै कबाडी बनेका गणान्ता सबडिभिजन वन कार्यालय परिसरमा देखिन्छन्।

# सर्पदंश केन्द्रमा हालसम्म ४१४ जनाको उपचार

माधव तिमल्सिना, ठोरी, २५ फागुन/
ठोरी गाउँपालिका-४ मा रहेको


तस्वीरः प्रतीक

सर्पदंश केन्द्रले चौथो स्थापना दिवस मनाएको छ। स्थापना भएको तीन वर्ष पूरा भएको अवसरमा उपचार केन्द्र परिसर पानीटङ्कीमा आज कार्यक्रम गरी मनाइएको छ।

केन्द्रले हालसम्म ४१४ जना सर्पदंशका बिरामीको उपचार गरेको जानकारी गराएको थियो। केन्द्रले उपलब्ध गराएको तथ्याङ्क अनुसार हालसम्म १५ जना अति विषालु सर्पले डसेको बिरामीको सफल उपचार गरेर बिरामीको जीवनरक्षा गरेको छ।

कार्यक्रममा वक्ताहरूले सर्पदंश केन्द्रले ग्रामीणा क्षेत्रका सर्पले डसेका बिरामीहरूको जीवनरक्षा गरेको भन्दै केन्द्रको प्रशंसा गरे। ठोरीलगायतका ग्रामीण क्षेत्रका स्थानीयले सर्पले डसेकै कारण ज्यान गुमाउन बाध्य हुने अवस्थाको अन्त्य भएको भन्दै सर्पदंश केन्द्रलाई सबै पक्षको साथ आवश्यक रहेको विचार व्यक्त गरेका थिए।

कार्यक्रममा ठोरी-१ का अध्यक्ष धनमान थापा, २ का अध्यक्ष अमृतकृष्ण सापकोटा, ३ का अध्यक्ष शम्भु खड्का, ४ का अध्यक्ष मानबहादुर थिङ, कुसुमवाटिका उपभोक्ता समितिका पूर्वअध्यक्ष टङ्क तिमिल्सिना, समाजसेवी रामबहादुर श्रेष्ठ, पूर्ववडाध्यक्ष बईबहादुर तामाङलगायतले मन्तव्य व्यक्त गरेका थिए।

सर्पदंश उपचार केन्द्रमा नेपाली सेनाले उपचारका निमित्त जनशक्तिको व्यवस्था गर्दै आएको सो केन्द्र व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर श्रेष्ठले जानकारी दिए। निश्शुल्क उपचार सेवा रहेको केन्द्रमा आर्थिक र औषधि व्यवस्थापनको व्यवस्था भने ठोरी गापाले गर्ने गरेको उनले बताए।

# खेलकूदको संसार

## नेपाल ५२ रनले विजयी

काठमाडौं, २५ फागुन/रासस

आइसिसी विश्वकप क्रिकेट लिग-२ को अन्तिम शृङ्खलाको पहिलो एकदिवसीय खेलमा नेपालले पपुवा न्यूगिनीलाई ५२ रनले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहीवार भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै हालसम्मकै उच्च स्कोर २९७ रन बनायो। जवाफी ब्याटिङमा उत्रिएको पपुवा न्यूगिनीले ४७ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै २४५ रनमा सीमित बन्यो।

जीतसँगै नेपालले ३३ खेलमा ३४ अङ्क जोडेको छ। नेपाल अङ्कतालिकाको पाँचौं स्थानमा छ। समान ३३ खेल खेलको पपुवा न्यूगिनी नौ अङ्कका साथ अङ्कतालिकाको अन्तिम स्थानमा छ।

नेपालका लागि ओपनर आशिफ शेख र कुशल भुर्तेलले पहिलो विकेटका लागि ११० रनको साझेदारी गरे। खेलमा आशिफ शेखले सर्वाधिक ११० रन बनाए। कुल ११० बल खेलेका उनले दुई छक्का र १२ चौका प्रहार गरे।

आशिफको यो पहिलो एकदिवसीय शतक हो। उनी एकदिवसीय खेलमा शतक प्रहार गर्ने नेपालका लागि पाँचौं खेलाडी बने। यसअघि राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले शतक प्रहार गरिसकेका छन्।

शतकसँगै आशिफले एकदिवसीय खेलमा एक हजार रनसमेत पूरा गरेका छन्। एक हजार रन पूरा गर्ने उनी नेपालका दोस्रो खेलाडी बने। यसअघि नेपालका रोहित पौडेलले एकदिवसीयमा एक हजार रन पूरा गरेका थिए।

साथै नेपालका लागि ब्याटर कुशल भुर्तेलले ४५, भीम सार्कीले ४४ र रोहित पौडेलले ३० रन बनाएका थिए। आरिफ शेखले १५, ज्ञानेन्द्र मल्लले ११ र दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछोनले सात र सोमपाल कामीले चार र कुशल मल्लले दुई रन बनाए। बलिङतर्फ पपुवा न्यूगिनीका सेमो कमियाँले पाँच विकेट लिए भने राइली हेकुरेले तीन विकेट लिए।

जवाफी ब्याटिङमा उत्रिएको पपुवा न्यूगिनीको सुरुआत राम्रो रह्यो। पहिलो विकेट ११ दशमलव दुई ओभरमा ७७ रनमा झरेको थियो। पपुवा न्यूगिनीका लागि नोर्मान भानुवाले सर्वाधिक ६० रन बनाए भने ओपनर टोनी उराले ५० रन बनाए। साथै असाद भालाले ४२, रिले हेकुरेले २० रनको योगदान गरे। नेपालको जीतमा सन्दीप लामिछानेले चार विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले दुई र कुशल मल्लले एक विकेट लिए।

विभिन्न सात राष्ट्र सहभागी यस सिरिजमा नेपालले अब तीन खेल खेल्न बाँकी छ। पपुवा न्यूगिनीसँगको एक र युएईसँगको दुई खेलमा विजयी भए नेपालले शीर्ष तीनमा रहँदै विश्वकप छनोट खेल्न पाउनेछ।

लिगका सबै खेल खेलिसकेको स्कटल्यान्ड ५० अङ्कका साथ शीर्ष स्थानमा छ भने ओमान ४४ अङ्कसहित दोस्रो स्थानमा छ। स्कटल्यान्ड र ओमानले जिम्बाब्वेमा आयोजना हुने विश्वकप छनोट खेल्ने पक्का भइसकेको छ। बाँकी एक स्थानका लागि नामिबिया, युएई र नेपाल प्रतिस्पर्धामा छन्। यी तीन टोलीमध्ये एक टोलीले विश्वकप छनोट खेल्न पाउनेछन्।

नामिबिया ३६ खेलमा ३९ अङ्कका साथ तालिकाको तेस्रो स्थानमा छ भने अमेरिका ३६ खेलमा ३५ अङ्कसहित चौथो स्थानमा छ। कुल ३२ खेल खेलेको युएई ३१ अङ्कका साथ छैटौं स्थानमा छ। नेपालले जारी शृङ्खलाको आफ्नो दोस्रो खेल यही फागुन २८ गते युएईसँग खेल्नेछ।

# अत्यधिक मदिरासेवनका कारण रामको मृत्यु

प्रमोद यादव, पंचगावाँ, २५ फागुन/

बुधवार होली खेल्न घरबाट निस्किएका एकजना शुक्रवार बिहान मृत भेटिएका छन्।

आज बिहान ९ बजे पर्सागढी नगरपालिका-८ हरपुर टोल बस्ने ५० वर्षीय लक्ष्मी राम चमार घरनजीकै पर्ने लुठा नदीमा मृत अवस्थामा भेटिएको इलाका प्रहरी कार्यालय, एकटाँगाका



प्रहरी नायब निरीक्षक रवीन्द्र खड्काले बताए।

अत्यधिक मदिरासेवन गरेका कारण उनको डुबेर मृत्यु भएको हुन सक्ने इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।


## तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?

- बालविवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दबाब विवाह

विचार गर्नुस्,
के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सीमा क्षेत्रमा सहज आवागमन हुनुपर्ने

प्रस, सिम्रौनगढ, २५ फागुन/

संविधानसभा सदस्य डा शोभाकर पराजुलीले सीमामा दुवै देशका सवारीसाधनको सहज आवागमन हुनुपर्ने बताएका छन्।

बाराको सिम्रौनगढमा नेपाली काङ्ग्रेसले आयोजना गरेको होली मिलन


तस्वीरः प्रतीक

समारोहमा उनले मोटरसाइकल, चार चक्के गाडीको प्रवेशमा रोक लगाएपछि धार्मिक प्रयोजन, विवाह, जन्ती र उपचार गराउन आउने-जानेहरूलाई समस्या परेको बताए। उनले यस सम्बन्धमा सम्बन्धित निकाय मूकदर्शक भएको बताए। उनले यसबारे रक्सौलमा भएको नेशनल युनियन अफ जर्नलिस्टको बैठक र बिहारका मुख्यमन्त्री नितिश कुमारलाई जानकारी गराएको बताए।

उनले सही मूल्याङ्कनको कमीले सिम्रौनगढमा नेपाली काङ्ग्रेसले गत चुनावमा हार बेहोरेको बताए। सैनुल अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा रामविलासप्रसाद यादव, हृदयनारायणप्रसाद यादव, नागेन्द्र महतो नुनिया, रामेश्वर मेहतालगायतको सहभागिता थियो।

# घाइते परिवारलाई आर्थिक सहयोग


तस्वीरः प्रतीक

दिनेश मिश्र, वीरगंज, २५ फागुन/

नारायणी अस्पतालमा बिचल्लीमा परेका दुईजनालाई आर्थिक सहयोग गरिएको छ। पटेर्वासुगौली गाउँपालिका-४ मझरियाकी ज्ञानती कुमारी मेला हेर्न गएको बेला भीडमा धकेलिएर तातो तेलको कराइमा लडेर घाइते भएकी थिइन्। त्यस्तै, जीतपुरसिमरा उपमहानगरपालिका-३ की ४० वर्षीया लक्ष्मीदेवी भात पकाउने क्रममा जलेर घाइते भएकी र उनीहरूको अस्पतालमा उपचार भइरहेको छ। आर्थिक अवस्था दयनीय रहेका दुवैजनालाई जनसेवा संस्थाले रु पाँच हजार सहयोग गरेको छ।

सामाजिक अभियन्ता विक्की सरार्फले रु २५००, विपिन्न गुप्ताले २५००, प्रभाकर यादवले ६००, एमडी आलम मन्सुरले ६०० सहयोग गरेका छन्।

कार्यक्रममा सुनचाँदी व्यवसायी विक्की सर्राफले घाइते दुवैको औषधि खर्च आफूले बेहोर्ने संस्थाका संयोजक बृजेश्वर चौधरीले बताए। कार्यक्रममा संस्थाकी सदस्य सुभावतीदेवी, अशोक श्रीवास्तव, विनोद गुप्ता, सुरेश ठाकुर, कन्हैया पटेललगायतको सहभागिता थियो।

# सिम्रौनगढमा नारी दिवस मनाइयो



तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, २५ फागुन/

'लैङ्गिक समानताको आधार, सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' मूल नाराका साथ सिम्रौनगढमा ११३औं नारी दिवस मनाइएको छ।

महिला अधिकार मञ्च बारा र भगवती महिला समूहकी अध्यक्ष फूलपतिदेवी मुखियाको नेतृत्वमा निस्केको र्‍यालीमा महिला हिंसा अन्त्य गर, महिलालाई सम्मान गरलगायतका नारा लगाउँदै सिम्रौनगढ बजार परिक्रमा गरी बसपार्कमा कोणसभा गरिएको थियो।

कोणसभामा इप्रका, सिम्रौनगढका प्रनि देवराज काफ्ले, फूलपतिदेवी मुखियालगायतले मन्तव्य राखेका थिए।

# पोलले च्यापिएर एकजनाको मृत्यु

नरेश यादव, पर्सागढी, २५ फागुन/

वीरगंज महानगरपालिका-३१ अन्तर्गत भेडाहा खोलाबाट ना.६त ७५८५ नम्बरको ट्याक्टर बालुवा लोड गरी वीरगंजतर्फ जाँदै गर्दा वडा नं ३२ टेडा गाउँनजीकै विद्युत् पोलमा ठोक्किंदा पोल भाँचिएर खस्दा एकजनाको मृत्यु भएको छ।

पोल भाँचिएर खस्दा त्यसले थिचिएर गम्भीर घाइते भएका सोही ठाउँका १५ वर्षीय सूर्य विकलाई उपचारको लागि वीरगंज पठाइएको र उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

विकको मृत्यु भएपछि स्थानीयवासीले टेडा रोडमा टायर बालेर विरोध प्रदर्शन गरेका थिए। सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडपसमेत भएको



थियो। प्रहरीले अवरुद्ध बाटो सञ्चालन गरेको छ भने ट्याक्टर नियन्त्रणमा लिएको छ। ट्याक्टर चालक भने फरार भएको प्रहरीले जनाएको छ।

## छुट्टाछुट्टै दुर्घटना ...

भइरहेको छ भने तीनजनाको मध्यम खालका र अन्य ३२ जना सामान्य घाइतेको उपचार सिमरास्थित अल्पाइन अस्पतालमा भइरहेको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए।

त्यसैगरी, गएराति वीरगंजमा एक सवारी दुर्घटनामा परी बारा, परवानीपुर-४, चैनपुरका सुरज सर्राफको मृत्यु भएको छ। उनको आज बिहान २ बजे वीरगंजको एलएस न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ।

गएराति ९ बजे वीरगंज-१४ गण्डक चोकमा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किंदा उक्त दुर्घटना भएको थियो।

वीरगंजतर्फ आउँदै गरेको प्र२-०३००४प७९३० र वीरगंजबाट परवानीपुरतर्फ जाँदै गरेको ना.२५प ४००३ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर एकापसमा ठोक्किएका थिए।

त्यसपछि गण्डक अस्थायी प्रहरी चौकीका असई सीताराम खतिवडाको टोलीले घाइते दुवैजनालाई उपचारको लागि एलएस न्यूरो अस्पताल पुर्‍याएको थियो।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,